## यस भित्र

१. अध्यक्षको मन्तव्य ३
२. सचिवको प्रगति प्रतिवेदन ६
३. कोषाध्यक्षको वित्तीय प्रतिवेदन १३
४. लेखा परीक्षण प्रतिवेदन १९
५. सन्तुलन परीक्षण हिसाब २०
६. आय बिवरण २१
७. स्थिति विवरण पत्र (वासलात) २२
८. नगद प्रवाह विवरण २३
९. पर्ल्स मूल्याङ्कन २४
१०. विभिन्न अनुसूचीहरु २५
११. प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरु ३३
११. लेखा समितिको प्रतिवेदन ३५
१२. ऋण उपसमितिको प्रतिवेदन ३९
१३. शिक्षा उपसमितिको प्रतिवेदन ४१
१४. महिला उपसमितिको प्रतिवेदन ४४
१२. ऋण सम्बन्धी कागजातहरु ४६

**प्रतिवेदन प्रकाशन समूह**
दण्डपाणि अधिकारी
जयराम कुइँकेल
कृष्णसुन्दर थापा

**प्रकाशक**
अटल पाँचकुण्ड बचत तथा ऋण
सहकारी संस्था लि.
धुलिखेल-४, काभ्रेपलाञ्चोक

# सहकारी मूल्य र मान्यताहरू

## क. आधार मूल्यहरू

१. आत्मसहयोग (Self-Help)
२. स्व- उत्तरदायित्व (Self-responsibility)
३. प्रजातन्त्र (Democracy)
४. समानता (Equality)
५. न्याय (Justice)
६. ऐक्यवद्धता (Solidarity)

## ख. भौतिक मूल्यहरू

१. इमान्दारिता (Honesty)
२. खुल्ला पन (Openness)
३. सामाजिक उत्तरदायित्व (Social Responsibility)
४. अरुको हेरचाह (Caring for other)

# सहकारी सिद्धान्तहरू

१. स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and open Membership)
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Control by Members)
३. सदस्यहरुद्वारा आर्थिक सहभागिता (Economic Participent of Members)
४. स्वायत्तता र स्वतन्त्रता (Automony and Independence)
५. शिक्षा, तालिम र सूचना (Education, Training and Information)
६. सहकारीहरु विच सहकारिता (Co-operation among co-operatives)
७. समुदायप्रति चासो (Concern to Community)

# बचत तथा ऋण सहकारी संघ/संस्था संचालनका सिद्धान्तहरू

**क. प्रजातान्त्रिक संरचना:**

१. खुल्ला तथा स्वेच्छिक सदस्यता
२. प्रजातान्त्रिक नियन्त्रण
३. भेदभाव रहित

**ख. सदस्यलाई सेवा:**


१. सदस्यलाई सेवा
२. सदस्यहरुलाई लाभांश वितरण
३. आर्थिक क्षमता

**ग. प्रजातान्त्रिक संरचना:**

१. अनवरत शिक्षा
२. सहकारीहरु बीच सहयोग
३. सामाजिक दायित्व

(१४ अगष्ट १९८४ मा विश्व ऋण परिषद्को सदस्य सभाद्वारा पारित)

# cWoIfsf]dGtAo



दीपक प्र. दाहाल

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि. को दोस्रो वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्थाहरूबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथिज्यूहरू, यस संस्थाका सल्लाहकारज्यूहरू, संचालक समिति तथा लेखा समितिका साथीहरू, विभिन्न उपसमितिका साथीहरू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू र उपस्थित सदस्यज्यूहरूमा मेरो व्यक्तिगत एवं संस्थाको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत तथा सहकारी नमस्कार ।

पाँचकुमारी साकोस र गोसाईकुण्ड साकोसको संयुक्त रूप पाँचकुण्ड साकोस हाम्रो इतिहास हो । अटल साकोस र पाँचकुण्ड साकोसको संयुक्त रूप नै हालको अटल पाँचकुण्ड साकोस हो । भनिन्छ, इतिहासको जगेर्ना गरेनौं र दोहोऱ्याएनौं भने हाम्रा भावी सन्ततिले के सिक्लान् ? कसैलाई यो त्यति सान्दर्भिक नलाग्न सक्छ तर इतिहासका लागि संघर्ष गर्नेका लागि यही नै मनको धड्कन हो ।

समयले कसैलाई पनि पर्खदैन । हामीले यसको महत्त्व बुझ्न आवश्यक छ । संस्था विधिवत् रूपमा एकीकरण भएको करिव डेढ वर्ष वितिसकेछ भने संस्थाको पहिलो साधारणसभाबाट हामीलाई संचालक समितिमा निर्वाचित गरेको पनि १ वर्ष वितेछ ।

एकीकृत संस्थाको हाम्रो नेतृत्वमा संस्थामा कर्मचारी समायोजन र प्रशासनिक कार्य संचालनको व्यवस्थापनमा विभिन्न किसिमका आरोह र अवरोहहरू पार गर्दै आजको अवस्थासम्म पुग्न सफल भएका छौं ।

तपाईंहरूले सोचे जति फड्को पक्कै मार्न सकेका छैनौं, तर विस्तारै अनुभव गर्न सक्नु हुनेनै छ । संस्थाको नयाँ केन्द्रीय कार्यालय २८ किलो चोकमा तथा सेवा केन्द्र बुडोलको वडा कार्यालय अगाडि संचालनमा रहेको यहाँहरूमा विदितै छ ।

हामी विकेन्द्रीकरण व्यवस्थापनमा विश्वास गर्ने गर्दछौं । यस संस्थाका गतिविधि एवं आर्थिक पक्षहरूका बारेमा मेरा मित्रहरूले चर्चा गरिसक्नु भएको छ भने बाँकी गतिविधिहरूका सम्बन्धमा पनि निरन्तर छलफलमा रहनेछौं । आजको यो मन्तव्यबाट सहकारी, समाज र यसको वास्तविकताको सेरोफेरोमा रहेर यहाँहरू समक्ष केही कुराहरू राख्ने जमर्को गरिएको छ ।

समाजमा अधिकांश मानिसहरू केवल मैले के पाएँ र के पाउँछु भन्ने सोच बोकेका हुन्छन्, तर आफूले पाउन, मैले समाज र संस्थाको हितको लागि के दिएँ र दिनेछु भन्ने सोचको विकास गर्नु अपवाद हो र ?

आजको युगमा आफ्नो व्यवहार र सोचमा परिवर्तन गर्न नसक्नेहरूलाई समाजमा रहन कति असहज छ भन्ने कुरा हाम्रो अनुभवले बताएकै छ । मेरा संचालक समितिका मित्रहरू र कर्मचारी साथीहरूमा आधुनिक सोचको परिवर्तन गर्न पनि अधिकांश समय यसमै खर्चनु परेको छ । सायद यही नै हाम्रो परीक्षा पनि हो ।

म यहाँहरू समक्ष एक वर्ष अगाडिको यस संस्थाको साधारण सभाको क्षणलाई सम्झन चाहन्छु । यस विचमा मैले धेरै अनुभव गर्न पनि पाएँ :

- म पनि सहकारी अभियानमा लागेको करिव १५ वर्ष भैसकेछ, कुनै समय संचालकका लागि सदस्य खोज्नु पर्ने दिन पनि थिए, अहिले पद ओगट्नका लागि मात्रै निकैले उमेदवारी दिने समय पनि आइसकेछ ।
- पदका लागि आफ्नो क्षमता र जिम्मेवारी बोध नगर्ने मित्रहरूसँग पनि राम्रै संगत गर्ने मौका पाएँ ।
- सहकारीलाई राजनीति गर्ने अखडा बनाउन खोज्नेहरू पनि भेटें, मलाई यो पनि राम्रो थाहा छ कि यो देश भरिको रोग हो ।
- धेरै तिर पदमा बस्ने र बैठकमा उपस्थितिमात्रै जनाउन चाहनेहरूको पनि राम्रै जमात पो रेछ ।
- सामान्य अवस्थामा सहकारी संस्थाहरूमा पदको लागि चुनावी वातावरणले दीर्घकालीन वैमनस्यता सिर्जना गर्ने थाहा भएता पनि त्यस्तो वातावरण सिर्जना गरी रमाउनेहरूको जमातको पनि अनुभूत गर्न सकियो ।
- यही समाजमा त्यस्तो असहज वातावरणलाई सहज किसिमले अवतरण गर्ने आदरणीय व्यक्तित्वहरूको अनुभूत पनि गरियो ।
- भावी दिनहरूमा संस्थाको वातावरण विगार्न खोज्नेहरूको लागि कसरी अवतरण गर्नुपर्छ भन्ने पनि सिक्ने मौका पाएँ ।

अब म यहाँहरू समक्ष संस्थामा नेतृत्व र व्यवस्थापकीय क्षेत्रमा हामीले चालेका कदमहरूको बारेमा प्रकाश पार्न चाहन्छु । यहाँहरूलाई लाग्न सक्छ कि यी त साना तिना विषयहरू हुन्, तर हामीलाई यो पनि थाहा छ कि सानातिना विषयहरूबाट नै ठूलो उपलब्धि लिन सकिन्छ ।

- संचालक तथा अन्य पदाधिकारीहरूमा अब म पदमा बसेर के पाएँ हैन मैले संस्थालाई के दिएँ भनी समीक्षा गर्ने सोचको विकास भैसकेको छ ।
- पदको लागि लडाई गरी पदमा आउने र बैठकमा नै उपस्थित नभै विनियम बमोजम संचालक सदस्यबाट पद मुक्त हुने प्राबधान प्रयोगमा ल्याउन सकियो ।
- सहकारीको नियमित बैठकको समयमा अन्य बैठकमा पनि उपस्थिति भ्याउनु पर्छ भन्ने मान्यता राख्ने साथीहरू माथि प्रश्न गर्न शुरू गरिएको छ ।
- बैठकको समय पालना गर्नुपर्ने तथा बैठक अवधिभर अनुशासनमा रहनु पर्ने प्रावधान हामीले लागु गरेका छौं ।
- हामीले संचालक समितिको वैठकमा तोकिएको समयमा उपस्थित हुने र उपस्थित हुन नसकेमा पूर्व जानकारीको अनिवार्यता हुनुपर्छ भन्ने प्रतिज्ञा गर्ने वातावरणको विकास गरेका छौं ।

यति मात्र होइन,

सबै बैठक उपलब्धिमूलक बनाउन योजना सहित उपस्थित हुन हामी सबैले प्रण गरेका छौं ।

एक वर्षको अवधिमा संस्थाको मासिक नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिवार विहान निश्चित समयमा हामीले सदा सम्पन्न गऱ्यौं ।

प्रत्येक नियमित बैठकको पहिलो सत्रमा मासिक आर्थिक विवरणहरूको सम्बन्धमा विस्तृत छलफल हुने गरेको छ ।

दैनिक हिसाब विवरण सोही दिन इमेल मार्फत सबैले सहजै प्राप्त हुने प्राबधानको सुरूवात भैसकेको छ भने र **Cc** क्यामारा मार्फत दैनिक प्रशासन संचालनको अनुगमन हुँदै आएको छ ।
कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको सुरूवात भैसकेको छ । संस्थामा भए गरेका कार्यहरूको शुद्धीकरण गर्ने कार्य भैरहेको छ । दैनिक प्रशासन तथा हिसाब किताबमा पहिलो पटक लेखापरीक्षकसँग संचालकले राय माग गरी प्राप्त सुझावहरूको कार्यान्वयनमा गर्ने कार्यमा कर्मचारीहरूलाई सजग गराई सकिएको छ ।

सहकारीहरूले कार्यक्रमका लागि कार्यक्रम गर्ने प्रथाको अन्त्य गर्दै उपलब्धिमूलक कार्यक्रम मात्र गर्नुपर्ने मान्यताका साथ त्यस्ता कार्यक्रमहरू मात्र भविष्यमा अवलम्बन गर्नेछौं ।

सहकारी ऐन, नीति नियमले सदस्यहरूलाई अधिक सुविधा प्रदान गर्न निकै बाधा देखिएता पनि हामी सदस्यहरूलाई कसरी बढीभन्दा बढी सुविधा प्रदान गर्न सकिन्छ भन्ने नीतिमा केन्द्रित रहने छौं ।

हामी भविष्यमा सदस्यहरूको सकारात्मक गुनासोको सुनुवाइ तथा सुझाव पेटिका शुरू गर्ने छौ । निर्धक्क भै आफ्नो राय सुझावको अपेक्षा गरेका छौं । तपाईंहरूको सुझावले सवल र सक्षम संस्था बनाउन मद्दत मिल्नेछ ।

अबको हाम्रो चुनौती सदस्य संख्या वृद्धि सहित दीर्घकालीन पूँजी वृद्धि गर्नु छ यसको लागि हामी आगामी दिनहरूमा विभिन्न किसिमका योजनाहरू ल्याउने छौं ।
सदस्यको संख्या संगै गुणात्मक सदस्य हुनु पर्छ भन्ने मान्यताको विकास गरी कस्ता सदस्य छन् भन्नेमा जोड दिनेछौं ।

यस संस्थाको इतिहास हेर्ने हो भने विभिन्न आरोह अवरोह पार गर्दै आजको अवस्थामा पुग्न सफल भएका छौं । दु:ख सुख गरेर, खाई नखाई शुरू गरेको यो संस्थालाई सक्षम बनाई संस्थागत रूपमा निरन्तर चल्न सक्ने रूप दिन आवश्यक छ ।

यस संस्था संचालनमा आवश्यक सल्लाह दिनुहुने अति आदरणीय सल्लाहकार व्यक्तित्वहरूमा आभार प्रकट गर्दै संस्थालाई यस स्थानसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण सदस्यहरू एवं शुभचिन्तक साथीहरूलाई धन्यवाद दिंदै आगामी दिनहरूमा पनि यहाँहरूको यस्तै सहयोगको आशा गर्दै यस संस्थाको उन्नति एवं विकासको फड्को मार्न यहाँहरूको विश्वासलाई आत्मबल मान्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

अन्तमा उपस्थित सम्पूर्ण महानुभावहरूमा तथा विशेष गरी हाम्रा आदरणीय प्रमुख अतिथि लगायत अन्य पाहुनाहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यबाद । जय सहकारी ।

जय अटल पाँचकुण्ड ।



# सचिवको प्रगति प्रतिवेदन

**बिष्णु शर्मा**
सचिव

यस अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.को दोस्रो साधारण सभामा उपस्थित हुनुभएका आदरणीय सेयर सदस्य महानुभावहरू, बाल बचतकर्ताहरू, हाम्रो निमन्त्रणालाई स्वीकार गरेर पाल्नु हुने आमा, बुबा, दाजुभाइ, दिदीबहिनी र सम्पूर्ण व्यक्तित्वहरूलाई यस संस्थाको सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट म सचिव विष्णुप्रसाद शर्मा हार्दिक नमस्कार गर्दै सहकारी अभिवादन व्यक्त गर्दछु ।

दोस्रो वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू अन्य अतिथिज्यूहरू, सञ्चालक समितिका सहयोगी साथीहरू, लेखा समिति तथा विभिन्न उपसमितिका साथीहरू, विभिन्न सङ्घसंस्थाबाट पाल्नु हुने प्रतिनिधिज्यूहरू सेयर सदस्यज्यूहरू, कर्मचारी साथीहरूको अथक प्रयत्न, मेहनत र दूरदर्शितापूर्ण व्यवहारले हाम्रो संस्थाले वर्तमान अवस्थासम्मको उपलब्धि हासिल गर्न सक्षम भएको छ । हाम्रो संस्थाको भविष्य निकै उज्ज्वल छ, तर त्यत्तिकै चुनौतीपूर्ण पनि छ । तर पनि हामी हरेक चुनौतीलाई अवसरमा बदल्ने प्रण गर्दछौँ ।

अध्यक्ष महोदय,

हाल हामी जिल्लाको गणना गर्न योग्य सहकारी संस्था भएका छौँ । सहकारी अभियानमा हाम्रो उल्लेखनीय सहभागिता रहेको छ र आगामी दिनहरूमा पनि सधैँ रही रहने छ । हामीले क्रमशः प्रगति हासिल गर्दै अगाडि बढेका छौँ । दुई संस्था एकीकरण पश्चात् सदस्यता वृद्धि, पूँजी वृद्धि र संस्थालाई अझ अग्रता दिलाउन हरेक प्रयत्नमा हामी जुटेका छौँ ।

आदरणीय सदस्य मित्रहरू,

यस संस्थाप्रति सेयर सदस्य महानुभावहरूको विश्वास र उत्साहजनक सहभागिता, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा समिति, विभिन्न उपसमिति र कर्मचारीहरूको अथक प्रयत्नबाट नै आजको यो प्रगति हासिल गर्न हामी सक्षम भएका छौँ ।

एकीकरण जस्तो चुनौतीलाई चिर्दै एकीकृत भएको अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड निर्माण गर्न साविकका दुवै तर्फका संस्थाका सेयर सदस्यज्यूहरूले जुन अधिकार दिनुभएको थियो त्यसलाई हामीले हृदयदेखि नै धन्यवाद दिनुपर्छ ।

एकीकरणपछि बनेको सञ्चालक समितिमा धेरै चुनौतीहरू छन् ती चुनौतीहरूलाई सामना गर्न पनि सेयर सदस्यज्यूहरूको उत्तिकै सहयोगको अपेक्षा गरेको छु । अब हाम्रो संस्था बचत र ऋणको कारोवार मात्रमा सीमित नभई उत्पादनशील क्षेत्रमा पनि लाग्नु पर्ने छ जसले गर्दा हाम्रो सामाजिक

दायित्व पनि पूरा हुँदै जानेछ ।

सहकारी संचालन र विकासमा संस्थाले लिएको नीतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नीति भनेको संस्थाको मार्गनिर्देशन हो यो ठीक भएन भने संस्था निष्क्रिय भएर जान्छ त्यसैले बेलाबेलामा हामी संयुक्त बैठक बस्दै नीतिहरूलाई समय सापेक्ष निर्माण र परिमार्जन गर्दै संस्थालाई प्रगतितर्फ अगाडि बढाइरहेका छौं ।

अव म संस्थाले आ.व. २०७४/०७५ मा हासिल गरेका प्रगति निम्न बमोजिम प्रस्तुत गर्दछु ।

१. **सदस्यता विवरण :**

आर्थिक वर्ष २०७४/०७५मा सदस्यता देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | महिला | पुरूष | जम्मा सदस्य सङ्ख्या |
|---|---|---|---|---|
| १ | सेयर सदस्य | ७३५ | ७४९ | १४८४ |
| २ | बाल बचतकर्ता | | | ५२२ |
| ३ | संस्थागत सदस्य | | | १५ |
| जम्मा | | | | २०२१ |

२. **आवद्धता**

यस संस्था देहायका निकायहरूमा आबद्धता जनाई सक्रिय रूपमा संलग्न हुँदै आएकोमा यस बर्ष पनि सक्रिय सहभागिता जनाएका छौं ।

| | |
|---|---|
| १ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कुन) |
| २ | काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. |
| ३ | जिल्ला सहकारी सङ्घ लि., काभ्रे |
| ४ | राष्ट्रिय सहकारी बैंङ्क लि. |

३. **एकीकृत साधारण सभा**

अटल र पाँचकुण्डको एकीकरणपश्चात् एकीकृत साधारण सभा २०७४ श्रावण २८ गते सामुदायिक भवन बखुण्डोलमा सम्पन्न भएको थियो । उक्त साधारण सभाबाट नयाँ सञ्चालक समितिको र लेखा सुपरिवेक्षण समितिको चयन पनि गरिएको थियो । उक्त साधारण सभामा १०६० जना सेयर सदस्यको उपस्थिति रहेको थियो । यो प्रतिशतमा ७४.९६% रहेको थियो ।

४. **सञ्चालक समिति**

आर्थिक वर्ष ०७४/०७५मा सञ्चालक समितिको बैठक १३ पटक बसेको थियो जसमा निम्न बमोजिम उपस्थिति रह्यो ।

| क्र.सं. | नाम थर | पद | उपस्थिति बैठक सङ्ख्या |
|---|---|---|---|
| १ | श्री दीपकप्रसाद दाहाल | अध्यक्ष | १३ |
| २ | श्री कमलबहादुर राय | उपाध्यक्ष | ९ |
| ३ | श्री विष्णुप्रसाद शर्मा | सचिव | १२ |
| ४ | श्री जनक तिमल्सिना | कोषाध्यक्ष | १० |

| क्र.सं. | नाम थर | पद | उपस्थिति बैठक सङ्ख्या |
|---|---|---|---|
| ५ | श्री इन्दिरा कुइँकेल | सदस्य | १३ |
| ६ | श्री कमलप्रसाद कुइँकेल | सदस्य | ११ |
| ७ | श्री कृष्णबहादुर थापा क्षेत्री | सदस्य | ८ |
| ८ | श्री चुत्रबहादुर तोलाङ्गे | सदस्य | १० |
| ९ | श्री जयराम कुइँकेल | सदस्य | ८ |
| १० | श्री मोहनबहादुर थापा | सदस्य | ११ |
| ११ | श्री रमेश खत्री | सदस्य | ५ |
| १२ | श्री रबिन्द्र थापा | सदस्य | ६ |
| १३ | श्री राजनप्रसाद भट्टराई | सदस्य | १३ |
| १४ | श्री सुमित्रा तिमल्सिना | सदस्य | १२ |
| १५ | श्री मीना गिरी | सदस्य | १ |

**५. २०७४ साल श्रावण २८ गतेको एकीकृत साधारण सभाबाट निर्वाचित लेखा समिति**

**लेखा समिति : ३ जना बैठक बसेको सङ्ख्या- ४ पटक**

| | | |
|---|---|---|
| १ | संयोजक | श्री दण्डपाणि अधिकारी |
| २ | सदस्य | श्री चिरञ्जीवी भूर्तेल |
| ३ | सदस्य | श्री राजाराम पराजुली |

लेखा समितिले आन्तिरिक लेखा परीक्षण गरी संस्थालाई आवश्यक सुधारात्मक सुझावहरु प्रदान गर्ने गरिएकोछ ।

**६. यस वर्ष हामीले निम्न नीतिगत निर्णय गर्दै/कार्यान्वन गरेका छौं ।**

१. उपसमितिहरूको गठन
२. उपसमितिहरूको काम कर्तव्य र अधिकारको ब्यवस्था ।
३. बैठक सञ्चालन कार्य विधि निर्माण ।
४. सेवा केन्द्र सञ्चालन ।
५. कर्मचारीहरूको पद, तलब, तथा सेवा सुविधा (कर्मचारी नीतिको ब्यवस्था)
६. सञ्चालक समितिका सदस्यहरूलाई आन्तरिक लेखा परीक्षणको कार्य बाँडफाँड ।
७. सदस्यहरूको १,०००००।- (एक लाख) सम्मको दुर्घटना वीमा ।

आदिको नीतिगत निर्णय गरेर कार्यान्वन समेत भइसकेको ।

**७. उपसमितिको गठन**

ऋण उपसमिति-५ जना, बैठकमा उपस्थिति २१ पटक

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री राजनप्रसाद भट्टराई |
| २ | सदस्य | श्री कृष्णसुन्दर थापा |
| ३ | सदस्य | श्री धर्मेन्द्र रञ्जित |

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| ४ | सदस्य | श्री दीर्घराज दाहाल |
| ५ | सदस्य | श्री सुरेन्द्र महत |

शिक्षा उपसमिति ३ जना बैठक सङ्ख्या ६ पटक

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री जयराम कुइँकेल |
| २ | सदस्य | श्री भरतबहादुर के.सी. |
| ३ | सदस्य | श्री सम्पूर्ण थापा |

महिला उपसमिति ५ जना बैठक सङ्ख्या ९ पटक

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री इन्दिरा कुइँकेल |
| २ | सदस्य | श्री मनकुमारी दाहाल |
| ३ | सदस्य | श्री चोलाकुमारी कुइँकेल |
| ४ | सदस्य | श्री नानु कुइँकेल |
| ५ | सदस्य | श्री सावित्री तिमल्सिना |

कृषि उपसमिति ५ जना बैठक सङ्ख्या ७

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री कृष्णबहादुर थापा क्षेत्री |
| २ | सदस्य | श्री कृष्णचन्द्र तिमल्सिना |
| ३ | सदस्य | श्री अच्युतानन्द प्रधान |
| ४ | सदस्य | श्री धनकुमारी थापा |
| ५ | सदस्य | श्री हरिप्रसाद तिमल्सिना |

कार्यालय व्यवस्थापन उपसमिति ३ जना वैठक सङ्ख्या २ पटक

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री विष्णुप्रसाद शर्मा |
| २ | सदस्य | श्री च्याङबा तामाङ |
| ३ | सदस्य | श्री सरीता खत्री |

सल्लाहकार मण्डल बैठक सङ्ख्या नभएको

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | श्री कृष्णप्रसाद तिमल्सिना |
| २ | सदस्य | श्री फणिन्द्रराज अधिकारी |
| ३ | सदस्य | श्री देवकृष्ण श्रेष्ठ |

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| ४ | सदस्य | श्री पृथ्वी थापा |
| ५ | सदस्य | श्री हरिकृष्ण तिमल्सिना |

८. कर्मचारीहरूको विवरण यस प्रकार छ ।

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | व्यवस्थापक | श्री रामगोपाल घले |
| २ | ऋण अधिकृत | श्री निरजकुमार कुइँकेल |
| ३ | क्यासीयर | श्री रन्जना के.सी |
| ४ | सहलेखापाल | श्री सोबिता आचार्य |
| ५ | कार्यालय सहायक | श्री कमला दाहाल |
| ६ | रिसेप्सनिष्ट | श्री जानुका श्रेष्ठ |
| ७ | बजार प्रतिनिधि | श्री सुनिता पौडेल |
| ८ | बजार प्रतिनिधि | श्री सावित्रा भट्टराई |

**९. उपसमितिहरूको कार्यक्रम तथा गतिविधि :**

क. **शिक्षा उपसमिति**

शिक्षा उपसमितिले संस्थाको सञ्चालक समिति, उपसमिति, सेयर सदस्यहरूलाई अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न गर्दै बाल बचतकर्ताहरूलाई वनभोज, जेष्ठ नागरिक सम्मान कार्यक्रम, समीक्षा बैठक, अतिरिक्त कियाकलाप, स्वास्थ्य शिविर आदि वार्षिक क्यालेण्डरअनुसार सम्पन्न गर्‍यो ।

ख. महिला उपसमिति

आ.व. ०७४/०७५ को वर्ष भर यस संस्थाको नियमित कार्यक्रम अन्तर्गत रहेको सुत्केरी भेटघाट तथा नवजात शिशुलाई सदस्य बनाउने कार्यक्रम जारी रह्यो । यस वर्ष जम्मा १५ जना सुत्केरी भेटघाट भयो र बाल बचतकर्ता १५ जना वृद्धि गर्न सकियो । यसमा भेटघाट मात्र नभएर प्रत्येक सुत्केरीलाई संस्थाको तर्फबाट रू.१०००।- नगद पनि प्रदान गर्ने गरिएको छ ।

त्यस्तै गरेर महिलाहरूको महान् पर्व तीजको अवसर पारेर दिदी बहिनी भेटघाट कार्यक्रम पनि यसै उपसमितिबाट भव्य रूपमा सम्पन्न गर्न सफल भयो जसमा संस्थाले छुट्याएको भन्दा कम रकम खर्च गरेर मितव्ययी भई उदाहरण प्रस्तुत गरेको छ ।

ग. **कृषि उपसमिति**

कृषि उपसमितिले पनि आफ्नो क्रियाकलाप बढाउँदै सेयर सदस्य महानुभावहरूलाई के कस्तो सुविधा दिन सकिन्छ भनेर उपसमितिको बैठक राखी कामहरु अगाडि बढाइरहेको छ ।

घ. **कार्यालय व्यवस्थापन उपसमिति**

यस उपसमितिले आफूले पाएको जिम्मेवारीअनुसार संस्थाको कार्यालयलाई चुस्त दुरुस्त

बनाउन सकेको छ । कार्यालयलाई आवश्यक सञ्चार उपकरणहरूको साथै कार्यालयलाई सुरक्षित राख्न सिसि टिभि क्यामरा पनि जडान गरिएको छ साथै बुडोलमा रहेको सेवा केन्द्रसँग प्रत्यक्ष जोडिने काम पनि भएको छ । यसलाई आगामी बर्षमा थप व्यवस्थित गर्दै जानेछौँ ।

**कार्यालयको अवस्था :**

१. अध्यक्षको कोठा
२. व्यवस्थापकको कोठा
३. ऋण अधिकृतको कोठा र भित्र स्टोर
४. नगद काउन्टर र सोधपुछ कक्ष
५. राउण्ड टेबल सहितको मिटिङ हल

**१०. सदस्य राहत कार्यक्रमः**

यस वर्ष हामीले हाम्रा ४ जना सदस्य गुमायौँ जसले गर्दा उहाँहरूको परिवारलाई प्रति व्यक्ति रू. १०,०००।-(दश हजार) का दरले जम्मा रू. ४०,०००।- (चालीस हजार) राहत उपलब्ध गरायौँ । यस वर्षदेखि यसकालागि रू. १,००,०००।- (एक लाख) को कोष खडा गर्नेछौँ जुन कोषाध्यक्षज्यूको प्रतिवेदनमा आउने नै छ ।

**११. यस वर्ष हामीले सम्पन्न गरेका कार्यक्रमहरू :**

- २०७४ भाद्र ३ गते महिला उपसमितिले आयोजना गरेको तीजको अवसर पारेर दिदी बहिनी भेटघाट कार्यक्रम भव्य रूपमा सम्पन्न भयो
- १,००,०००।- (एक लाख) सम्मको दुर्घटना वीमा प्रति सेयर सदस्य रू. ४५/२० मा विमा गराइएको छ ।
- २०७४ कार्तिक १५ गतेदेखि विधि सम्मत रूपमा २ जना बजार प्रतिनिधिलाई नियुक्त गरिएको छ ।
- संस्थाको नेतृत्वमा सेयर सदस्य, सञ्चालक समिति, उपसमिति र कर्मचारीहरूको अवलोकन भ्रमण यस पटक पश्चिमाञ्चलका बेनी, बाग्लुङ्ग र पोखरामा सम्पन्न गरिएको थियो ।
- २०७४ माघ १६ गते भक्तपुरको नील बाराही मन्दिरमा सेयर सदस्य, सञ्चालक समिति, उपसमिति र कर्मचारी वनभोज कार्यक्रम सम्पन्न गरियो ।
- २०७४ पौष २२ गते शनिबार १ दिने महिला स्वास्थ्य शिविर सामुदायिक भवनमा सम्पन्न भयो।
- २०७४ फागुन २६ गते घरदैलो कार्यक्रम बाँसघारी एरियामा सम्पन्न गरी सदस्यता वृद्धि गरियो ।
- २०७४ चैत्र ३ गते अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि. र धुलिखेल हस्पिटलको सहयोगमा दाँत तथा प्रेशर, सुगरको वृहत स्वास्थ्य शिविर सम्पन्न भयो जसमा २१३ जना सेयर सदस्यले स्वास्थ्य जाँच गराउनु भयो ।
- चैत्र १४ गते यस संस्थाको वार्षिक स्थापना दिवसको सन्दर्भमा २७ जना जेष्ठ सदस्यलाई मोबाइल १-१ थान दिएर सम्मान गरियो ।

- त्यस्तै जेष्ठ सदस्यलाई सम्मान स्वरूप प्रत्येक महिनामा जम्मा गर्नुपर्ने मासिक शुल्कमा विलम्ब शुल्क नलाग्ने निर्णय गरिएको छ ।
- संस्थाको सवारी साधन स्कूटर हाल संस्थालाई कुनै पनि काममा प्रयोग नहुने देखिएकोले यसलाई प्रकृया पुऱ्याएर विधि सम्मत ढङ्गले रू.९५६५५।- (पन्चानब्बे हजार छ सय पचपन्न) मा लिलाम बिक्री गरियो ।
- जेष्ठ २६ गते बाल बचतकर्ता भाइबहिनीहरूलाई गोदावरीको भ्रमण गराई पिकनिक कार्यक्रम सम्पन्न भयो ।
- नयाँ वर्षको उपलक्ष्यमा भित्ते पात्रो प्रकाशन भयो ।
- संस्थाको डिजाइनमा छापिएको कापी पेन्सिल वितरण गर्ने कार्यक्रम सम्पन्न भयो ।
- मिति २०७५ असार १ र २ गते सञ्चालक समिति, सल्लाहकार, लेखा समिति, विभिन्न उपसमिति र कर्मचारीहरूबाट नेपालको पहिलो सहकारी संस्था चितवनको शारदा नगरमा अवस्थित बखान बहुउद्देश्यीय सहकारी संस्थाको अध्ययन भ्रमण गरेर धेरै कुराहरु बुझ्ने र जान्ने मौका पाइयो, साथै सोही दिन सौराहामा संयुक्त वैठक समेत सम्पन्न गरियो ।

**१२. सहभागिता**

२०७४ श्रावण देखि २०७५ आषाढ मसान्तसम्म


१. काभ्रेपलाञ्चोक बचत तथा ऋण सहकारी सङ्घ लि.को २० औँ वार्षिक साधारण सभामा उपाध्यक्ष कमल बहादुर रायले भाग लिनुभयो ।
२. २०७४ असोज ३ गते सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.को साधारण सभा र २०७४ कार्तिक २५ गते मनकामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको साधारण सभामा अध्यक्ष दीपकप्रसाद दाहालले भाग लिनुभयो ।
३. २०७४ पौष ६ गते १४ औँ राष्ट्रिय सहकारी बैंकको साधारण सभामा सदस्य राजनप्रसाद भट्टराईले भाग लिनुभयो ।
४. नेफस्कूनले आयोजना गरेको साकोस शिखर गोष्ठी २०७५ जेष्ठ २४ र २५ मा होटल सोल्टीमा देशी र विदेशी सहकारी अभियन्ताहरूको उपस्थितिमा भव्य रूपमा विभिन्न निर्णय लिँदै सम्पन्न भयो । यसमा सचिव विष्णुप्रसाद शर्माले भाग लिनुभयो ।

अन्त्यमा

यस गरिमामय सभामा आफ्नो अमूल्य समय दिई पाल्नुहुने प्रमुख अतिथिज्यू, अतिथि सङ्घ/संस्थाका प्रतिनिधि र अन्य अतिथिज्यूहरु र संस्थाको सेयर सदस्य महानुभावहरु, कर्मचारी मित्रहरु सञ्चालक समितिका साथीहरु, आदरणीय सल्लाहकारज्यूहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि संस्थाको स्तरोन्नतिका लागि सल्लाह, सुझाव, प्रतिक्रियाहरूको अपेक्षा राख्दै सम्मानित सभाबाट आफ्नो प्रतिबेदन अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद ।

जय सहकारी/ जय अटल पाँचकुण्ड साकोस



# sf]ffWolfsf]ljQLo k|tj]bg

जनक तिमल्सिना
कोषाध्यक्ष

यस अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि. को एकीकरण पछिको दोश्रो वार्षिक साधारण सभाका सभापतिज्यू, यस कार्यक्रममा आफ्नो ब्यस्त समयका बाबुजुद पनि यस कार्यक्रमको शोभा बढाउनको लागि पाल्नु भएका प्रमुख अतिथिज्यू, विभिन्न संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नु भएका अतिथिज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, संचालक समिति तथा उपसमितिका सहयात्री मित्रहरू शेयरसदस्यज्यूहरू, कर्मचारी मित्रहरू तथा सम्पूर्ण उपस्थित शुभ चिन्तक महानुभावहरूमा सहकारीमय अभिवादन ।

सहकार्य गरौं, समृद्ध बनौं भन्ने नारालाई आफ्ना मूल मन्त्र बनाएर हाम्रो बर्तमान र भविष्यको समृद्धिको विचमा पुल बन्न प्रयासरत यस संस्थाको बार्षिक मुखपत्रको रूपमा प्रकाशित हुने बार्षिक प्रतिवेदनमा संस्थाको आर्थिक प्रगति बिवरण पेश गर्ने जिम्मेवारी बहन गर्दै यस संस्थाको कोषाध्यक्षको हैसियतले यहाँहरू समक्ष संस्थाको यथार्थ आर्थिक गतिविधि पेश गर्न गइरहेको छु । हिजोको दिनमा एउटै भौगोलिक कार्यक्षेत्र र उस्तै प्रकृतिका कारोवार गरिरहेका दुई संस्थाको एकीकरणको साक्षी बनेका थियौं । हामी अटल पाँचकुण्ड संचालक सदस्यहरू विभिन्न किसिमका आरोह अवरोह सल्लाह सुझाव र टीका टिप्पणीहरूलाई आत्मसात गर्दै वित्तीय क्षेत्रमा बामे सर्दै गरेको यस संस्था आजको दिनमा काभ्रे जिल्लामा आफ्ना एउटा छुट्टै किसिमको पहिचान बनाउन सफल भएको छ । जस्को श्रेय उत्कृष्ट नेतृत्व, रचनात्मक संचालकहरू र इमान्दार कर्मचारी र सहयोगी शेयर सदस्यहरूलाई जान्छ । शुरूवात अवस्थामै सहज परिस्थिति थिएन, तर तपाईं हाम्रो आत्मीयता र धैर्यताको कारणले संस्थालाई छोटो समयमा नै उपलब्धिमूलक र सफल बनाउन हामी सक्षम भएका छौं ।

देशको अर्थतन्त्रको मुख्य अंशको रूपमा रहेको सहकारी संस्थाहरूलाई राज्य सरकारले पनि उपेक्षा गरिरेहको अवस्था छ । सरकारले जतिनै ऐन, नियम परिवर्तन गरे पनि अझैसम्म सहकारी ऐन सदस्य हितमा आउन सकेको छैन । जुन हामी दैनिक खर्च कटाएर भविष्यको लागि केही बचत गर्ने सदस्यकोलागि दुर्भाग्यको कुरा रहेको छ । यस संस्थाले संकलन गरेको बचत आफ्ना सदस्यहरूको जीवन स्तर उकास्नकालागि विभिन्न शीर्षकमा सर्बसुलभ ब्याजदरमा कर्जा उपलब्ध गराएर सामाजिक जीवनस्तर उकास्नकोलागि प्रयोगमा ल्याइरहेको छ । शेयर सदस्यहरूको भावना चाहना अनुरूप यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक उन्नति र प्रगतिकोलागि सदैव प्रतिवद्ध रहेको कुरा यहाँहरूमा जानकारी गराउन चाहन्छु ।

मानिस सामाजिक प्राणी भएता पनि आजको समयमा हामी र हाम्रो ब्यवहार आत्म केन्द्रित हुंदै गएको छ । मानिसले जन्मदेखि मृत्युसम्म सम्पूर्ण ब्यक्तिगत तथा सामाजिक ब्यवहारमा आर्थिक कठिनाईको सामना गरिराखेका हुन्छौं । नागरिकहरूको कर लिएर जनताका अप्ठ्यारा परिस्थितिमा आर्थिक सामाजिक र नैतिक जिम्मेवारी पूरा गर्नुपर्ने सरकार पनि पूर्ण रूपमा सक्षम नभएको अवस्थामा यस संस्थाले आफ्ना सदस्यहरूको आर्थिक र ब्यावसायिक विकासमा सदैव अग्रसर रहिरहेको छ । त्यसैको फलस्वरूप विभिन्न योजना र कार्यक्रम मार्फत यस आ.व. २०७४/०७५ मा भए गरेका प्रगति बिवरण यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| बिवरण | २०७३/०७४ | २०७४/०७५ | बृद्धि रकम | प्रतिशत |
|---|---|---|---|---|
| शेयर पूँजी | १४,६९०,०००।०० | १७,०८८,०००।०० | २,३९८,०००।०० | १६.३२ |
| निक्षेप हिसाब | ११२,७७४,५८४।५४ | १२३,०८०,०१५।९५ | १०,३०५,४३१।४१ | ९.१४ |
| ऋण लगानी | १११,९०८,९१०।४० | १२९,२४४,०३५।४० | १७,३३५,१२५।०० | १५.४९ |
| अन्य लगानी | ८७७,१८०।१५ | १,२०८,४८२।४७ | ३३१,३०२।३२ | ३७.७७ |
| स्थिर सम्पति | ४७८,८६८।८९ | ४५७,१८७।८६ | (२१,६८१।०३) | (४.५३) |
| आम्दानी | १६,७४१,४४६।३५ | १९,४६१,०१८।२७ | २,७१९,५७१।९२ | १६.२४ |
| खर्च | १०,९८५,६००।२५ | १३,५२१,४१४।२८ | २,५३५,८१४।०३ | २३.०८ |
| भुक्तानी दिनु पर्ने | ७९८,५४८।४१ | १,५३४,९१७।६३ | ७३६,३६९।२२ | ९२.२१ |
| बचत / नाफा | ५,७५५,८४६।१० | ५,९३९,६०३।९९ | १८३,७५७।८९ | ३.१९ |

अब म यस संस्थाले प्रक्षेपण गरेको आ.व. २०७५/०७६ को प्रस्तावित अनुमानित बजेट, कार्यक्रम तथा लक्ष्य यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आ.ब. २०७४/०७५ को प्राप्ति विवरणहरू तथा २०७५/०७६ को प्रस्तावित लक्ष्य**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७५/७६ |
|---|---|---|---|
| | असार मसान्तसम्म जम्मा | लक्ष्य | असार मसान्त |
| किसिम | | | |
| शेयर सदस्य | १४९९ | १७० | १६६९ |
| बाल बचत कर्ता | ५२२ | ७५ | ५९७ |
| जम्मा | २०२१ | २४५ | २२६६ |
| शेयर लक्ष्य | | | |
| विवरण | २०७४/७५ | २०७५/७६ | २०७५/७६ |
| | असार मसान्तसम्म जम्मा | लक्ष्य | असार मसान्त |
| शेयर कित्ता | १७०८८० कित्ता | ३९१२० कित्ता | २१००००कित्ता |
| शेयर रकम | १७,०८८,०००।०० | ३,९१२,०००।०० | २१,०००,०००।०० |

निक्षेप लक्ष्य

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७५/७६ |
|---|---|---|---|
| | असार मसान्तसम्म जम्मा | लक्ष्य | असार मसान्त |
| नियमित बचत | ४८,९२५,२३५।६८ | ११,०७४,७६४।३२ | ६०,०००,०००।०० |
| ऐच्छिक बचत | ४९,६५३,१२४।२५ | ५,०००,०००।०० | ५४,६५३,१२४।२५ |
| आवधिक बचत | ८,६५८,०००।०० | ३,५००,०००।०० | १२,१५८,०००।०० |
| दैनिक बचत | ५,७१३,८२५।५६ | ३,०००,०००।०० | ८,७१३,८२५।५६ |
| क्रमिक बचत | ४,८४३,६४०।०० | १,०००,०००।०० | ५,८४३,६४०।०० |
| अन्य बचत | ५,२८६,१९०।४६ | १,५००,०००।०० | ६,७८६,१९०।४६ |
| जम्मा | १२३,०८०,०१५।९५ | २५,०७४,७६४।३२ | १४८,१५४,७८०।२७ |

ऋण लगानी लक्ष्य

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७५/७६ |
|---|---|---|---|
| | असार मसान्तसम्म जम्मा | लक्ष्य | असार मसान्त |
| विभिन्न शिर्षक | १२९,२४४,०३५।४० | २४,०००,०००।०० | १५३,२४४,०३५।४० |
| | | | |

**आ.ब. २०७४/०७५ को खर्च तथा आम्दानी बिवरण र २०७५/७६ को आम्दानी तथा खर्च लक्ष्य बिवरण**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७५/७६ |
|---|---|---|---|
| | असार मसान्तसम्म जम्मा | लक्ष्य | असार मसान्त |
| आम्दानी | | | |
| ऋण लगानीबाट ब्याज आम्दानी | १७,२१९,६६२।४९ | २०,५००,०००।०० | २०,५००,०००।०० |
| अन्य आम्दानी | २२४१३५५।७८ | ३,०००,०००।०० | ३,०००,०००।०० |
| जम्मा | १९,४६१,०१८।२७ | २३,५००,०००।०० | २३,५००,०००।०० |
| खर्च | | | |
| ब्याज खर्च | ९,५२१,१६१।८८ | १२,२००,०००।०० | १२,२००,०००।०० |
| कार्यक्रम तथा अन्य खर्च | ४,०००,२५२।४० | ६,४१७,०००।०० | ६,४१७,०००।०० |
| जम्मा | १३,५२१,४१४।२८ | १८,६१७,०००।०० | १८,६१७,०००।०० |
| बचत हिसाब | ५,९३९,६०३।९९ | ४,८८३,०००।०० | ४,८८३,०००।०० |

**आ.व. २०७४/७५ को प्राप्ति तथा आ. ब. २०७५/७६ अनुमानित आम्दानी तथा खर्च बिवरण**

| आम्दानी बिवरण | २०७४/७५ मा आम्दानी | २०७५/७६ मा लक्ष्य | खर्च बिवरण | २०७४/७५ मा खर्च | २०७५/७६ मा लक्ष्य |
|---|---|---|---|---|---|
| | रकम | रकम | | रकम | रकम |
| ऋण लगानीबाट ब्याज आम्दानी | १७,२१९,६६२।४९ | २०,५००,०००।०० | ब्याज खर्च (सदस्यहरुको बचतमा) | ९,५२१,१६१।८८ | १२,२००,०००।०० |

| आम्दानी बिवरण | २०७४/७५ मा आम्दानी | २०७५/७६ मा लक्ष्य | खर्च बिवरण | २०७४/७५ मा खर्च | २०७५/७६ मा लक्ष्य |
|---|---|---|---|---|---|
| | रकम | रकम | | रकम | रकम |
| अन्य लगानीबाट ब्याज आम्दानी | १,१६९,३२३।७२ | १,२००,०००।०० | तलब तथा भत्ता | १,४४३,९५५।०० | १,६००,०००।०० |
| अन्य आम्दानी | १,०७२,०३२।०६ | १,८००,०००।०० | घरभाडा खर्च | २४१,७७६।०० | २५८,०००।०० |
| | | | स्टेशनरी तथा छपाई खर्च | १,२७३।४७ | ७५,०००।०० |
| | | | बैठक तथा अतिथि सत्कार खर्च | ४४,२३५।०० | १००,०००।०० |
| | | | टेलिफोन/इन्टरनेट खर्च | ३७,४३२।०० | २००,०००।०० |
| | | | बिद्युत महशुल खर्च | १९,२३०।०० | २५,०००।०० |
| | | | पारवहन खर्च | १७२७० | ५०,०००।०० |
| | | | वैठक संचालन खर्च (भत्ता) | १७७,५००।०० | ४४२,०००।०० |
| | | | ह्रास कट्टी खर्च | १३१,३८१।२६ | ११५,०००।०० |
| | | | सदस्यता तथा सफ्टवेयर नवीकरण शूल्क | २४,५३०।०० | २८०००।०० |
| | | | मर्मत खर्च | ६७,०००।०० | २५०००।०० |
| | | | पत्र पत्रिका खर्च | ३७२०।०० | ४०००।०० |
| | | | विज्ञापन तथा प्रकाशन | ९६००।०० | ५००००।०० |
| | | | कार्यक्रम संचालन खर्च | १२१९३९४।०० | २४६५०००।०० |
| | | | सामाजिक तथा सांस्कृतिक खर्च | २३६५।०० | ३००००।०० |
| | | | सदस्यता राहत | ४४,०००।०० | १०००००।०० |
| | | | लेखा परीक्षण खर्च | ३०,०००।०० | ३००००।०० |
| | | | कर्मचारी पोशाक खर्च | ४५,०००।०० | ७००००।०० |
| | | | कार्यालय ब्यवस्थापन | ४४,५२७।०० | ५००००।०० |
| | | | कार्यालय फर्निसिङ्ग | ६६,५६३।०० | ०।०० |
| | | | ऋण ब्याज छुट | २४४,०५६।०० | ५०००००।०० |
| | | | संचालक समिति पोशाक | ०।०० | १५००००।०० |

| आम्दानी बिवरण | २०७४/७५ मा आम्दानी | २०७५/७६ मा लक्ष्य | खर्च बिवरण | २०७४/७५ मा खर्च | २०७५/७६ मा लक्ष्य |
|---|---|---|---|---|---|
| | रकम | रकम | | रकम | रकम |
| | | | विविध खर्च | १५,४४४।६७ | ५००००।०० |
| | | | कुल खर्च | १३,५२१,४१४।२८ | १८,६१७,०००।०० |
| | | | जम्मा नाफा (बचत) | ५,९३९,६०३।९९ | ४,८८३,०००।०० |
| जम्मा | १९,४६१,०१८।२७ | २३,५००,०००।०० | जम्मा | १९,४६१,०१८।२७ | २३,५००,०००।०० |

आ. ब. २०७४/०७५ को वासलात तथा ०७५/०७६ को अनुमानित वासलात

| पूँजी तथा दायित्व | २०७४/७५ मा प्राप्त | २०७५/७६ मा लक्ष्य | सम्पति तथा जायजेथा | २०७४/७५ मा प्राप्त | २०७५/७६ मा लक्ष्य |
|---|---|---|---|---|---|
| | रकम | रकम | | रकम | रकम |
| शेयर हिसाब | १७,०८८,०००।०० | २१,०००,०००।०० | नगद तथा बैङ्क मौज्दात | २३२४७०५२।२७ | ३२,७००,६३९।१५ |
| जगेडा तथा अन्य कोष हिसाब | १३,५२६,३३७।२८ | १७,४३२,७८५।२८ | लगानी हिसाब | १२०८४८२।४७ | १,२९५,०००।०० |
| बचत हिसाब | १२३,०८०,०१५।९५ | १४८,१५४,७८०।२७ | ऋण लगानी हिसाब | १२९२४४०३५।४ | १५३,२४४,०३५।४० |
| भुक्तानी दिनु पर्ने हिसाब | १७६,९९६।८३ | १९५,०००।०० | सम्पति सामान हिसाब | ४५७१८७।८६ | ३४२,८९१।०० |
| अन्य दायित्व हिसाब | १,३५७,९२०।८० | १,३७५,०००।०० | पाउनु पर्ने हिसाब | ९८६५८४।८६ | ५००,०००।०० |
| | | | अन्य सम्पति | ८५९२८।०० | ७५,०००।०० |
| जम्मा | १५५,२२९,२७०।८६ | १८८,१५७,५६५।५५ | जम्मा | १५५२२९२७०।८६ | १८८,१५७,५६५।५५ |

आ.ब. २०७४/०७५ को कार्यक्रम खर्च तथा आ.व. २०७५/०७६ को लागि प्रस्तावित बजेट तथा कार्यक्रम

| क्र.स. | कार्यक्रम बिवरण | २०७४/०७५ को खर्च | २०७५/०७६ को लक्ष्य | २०७५/०७६ को प्रस्तावित बजेट |
|---|---|---|---|---|
| १ | साधारण सभा | ६२१,५५५।०० | १ पटक | ८८०,०००।००० |
| २ | सदस्य भ्रमण कार्यक्रम | ०।०० | १ पटक | १५०,०००।००० |
| ३ | तीज कार्यक्रम | २२,४००।०० | १ पटक | १५०,०००।००० |
| ४ | सिपमूलक तालिम संचालन (महिला) | ०।०० | १ पटक | ३०,०००।००० |
| ५ | सदस्य बनभोज | ५८,५२०।०० | १ पटक | ७०,०००।००० |
| ६ | स्वास्थ्य शिविर संचालन | ९,७७०।०० | १ पटक | २०,०००।००० |
| ७ | सुत्केरी भेटघाट कार्यक्रम | १५,०००।०० | आवश्यकताअनुसार | १५,०००।००० |
| ८ | सञ्चालक समिति, लेखा समिति तालिम कार्यक्रम (CUDCC) | ०।०० | १ पटक | ३००,०००।००० |

| क्र.स. | कार्यक्रम बिवरण | २०७४/०७५ को खर्च | २०७५/०७६ को लक्ष्य | २०७५/०७६ को प्रस्तावित बजेट |
|---|---|---|---|---|
| ९ | बार्षिक उत्सव तथा जेष्ठ सदस्य सम्मान | ३५,४२०।०० | १ पटक | ५०,०००।००० |
| १० | अध्ययन तथा अवलोकन भ्रमण (संचालक समिति, लेखा समिति, उपसमिति तथा कर्मचारी) | १०१,३१०।०० | १ पटक | १५०,०००।००० |
| ११ | बाल कार्यक्रम | २५,०४५।०० | १ पटक | १००,०००।००० |
| १२ | क्षमता अभिबृद्धि कार्यक्रम | २१,८९०।०० | १ पटक | ५०,०००।००० |
| १३ | अन्तर सहकारी कार्यक्रम | ०।०० | १ पटक | ५०,०००।००० |
| १४ | कृषि तालीम तथा बिरुवा बितरण कार्यक्रम | ०।०० | १ पटक | ३०,०००।००० |
| १५ | सचेतना सम्बन्धी गोष्ठी संचालन | ७,०००।०० | १ पटक | ०।००० |
| १६ | भित्ते पात्रो प्रकाशन | २८,५००।०० | १ पटक | ६०,०००।००० |
| १७ | समीक्षा वैठक | १८,३०६।०० | ४ पटक | ५०,०००।००० |
| १८ | कपि पेन्सील बितरण | १३५,१२०।०० | १ पटक | ८५,०००।००० |
| २० | सदस्य बीमा (बार्षिक) | ६७,१०५।०० | १ पटक | ७५,०००।००० |
| २१ | सदस्य राहत कार्यक्रम | ४४,०००।०० | आवश्यकता अनुसार | ५०,०००।००० |
| २४ | कर्मचारी तालीम | ०।०० | आवश्यकता अनुसार | १००,०००।००० |
| जम्मा कार्यक्रम खर्च | | १,२१४,९४१।०० | जम्मा कार्यक्रम खर्च | २,४६५,०००।००० |

अन्त्यमा, यस संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गरी योगदान पुऱ्याउनु हुने सल्लाहकार समिति, संचालक समिति, विभिन्न उपसमिति सदस्यहरु, कर्मचारीहरू, शेयर सदस्यज्यूहरू र शुभचिन्तकज्यूहरूमा विशेष आभार प्रकट गर्दै आउँदा दिनहरूमा पनि यहाँहरूको रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दै यस प्रतिवेदन उपर गम्भीर रूपमा छलफल गरी कुनै जिज्ञासा तथा प्रश्न भएमा बन्दसत्रमा लिखित रूपमा पेश गर्नुहुन अनुरोध गर्दै यहाँहरूको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै उपस्थित प्रमुख अतिथि, अतिथिगण, लगायत सम्पूर्ण उपस्थित महानुभावहरू माझबाट बिदा हुन चाहन्छु । धन्यवाद !

"जय सहकारी"
"जय अटल पाँचकुण्ड"

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

का शेयरधनी महानुभावहरू समक्ष प्रस्तुत

# लेखापरीक्षकको प्रतिवेदन

**आर्थिक विवरण तथा व्यवस्थापनको उत्तरदायित्व**

हामीले श्री अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको यसैसाथ संलग्न ३२ आषाढ, २०७५ को स्थिति विवरण पत्र, सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखासम्बन्धि टिप्पणीहरूको लेखा परीक्षण सम्पन्न गरेका छौं । ती वित्तीय विवरणहरूप्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व लेखापरीक्षणको आधारमा ती वित्तीय विवरणहरू उपर राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मानहरू अनुरूप हामीले वित्तीय विवरणहरू गहन रूपले गलत प्रदर्शन हुनबाट बच्चित छन् भन्ने कुरामा यथोचित ढंगले विश्वस्त हुनको लागि लेखापरीक्षण योजना तर्जुमा एवं तद अनुरूप कार्य सम्पादन गर्नु पर्दछ । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरूको पुष्ट्याँई गर्ने प्रमाणको नमूना परीक्षण गरिन्छ । व्यवस्थापनले अवलम्बन गरेको लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरू एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

**सहकारी ऐन, २०७४ ले तोकेको कुराहरूउपरको प्रतिवेदन**

हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेको कुराहरूको जवाफ एवं स्पष्टीकरण सन्तोषजनक पायौं । वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको आर्थिक विवरण संस्थाले राखेको लेखासंग दुरूस्त रहेका छन् तथा संस्थाको हिसाब किताबहरू प्रचलित कानून बमोजिम ठीकसंग राखिएका छन् । संस्थाले ऐन बमोजिम जोखिम व्यहोर्ने कोषको निमित्त यथेष्ठ व्यवस्था गरेको छ ।

लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना तथा स्पष्टीकरणको आधारमा निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण हुने कार्य भएको पाइयो । संस्थाको कारोवार संतोषप्रद संचालन भएको तथा कारोवारहरू आफ्नो अख्तियारभित्र रहेको पाइयो । संस्थाको संचालक समिति वा कुनै संचालक वा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको हामीले पाएनौ साथै यस्ता कुराहरूको वारेमा व्यवस्थापनबाट समेत जानकारी हुन आएन ।

**लेखापरीक्षकको राय**

हाम्रो रायमा श्री अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वित्तिय विवरणको अनुशूची २० प्रमुख लेखानितिहरू को २(छ) र २(ज) तथा सहकारी विभागमा लेखापरिक्षकले पेश गर्नुपर्ने लंगपर्म प्रतिबेदनमा उल्लेखित टिप्पणीहरू बाहेक आषाढ ३२, २०७५ को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त अनुसार समुचित तथा यथार्थ चित्रण गर्दछ ।

मिति : २०७४।०४।२६
स्थान : काठमाण्डौ, नेपाल ।

सि.ए. अनुज नेपाल
अनुज एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

## आ.व. २०७५ आषाढ मसान्तको सन्तुलन परीक्षण हिसाब

| डेविट बिवरण | अनुसूचि | रकम | क्रेडिट बिवरण | अनुसूचि | रकम |
|---|---|---|---|---|---|
| नगद मौज्दात | ८ | ६१३,५९२।०१ | शेयर रकम | १ | १७,०८८,०००।०० |
| बैङ्क मौज्दात | ९ | २२,६३३,४६०।२६ | कोष हिसाब | २ | ५,६१४,२६१।१५ |
| अन्य लगानी हिसाब | १० | १,२०८,४८२।४७ | अन्य कोष ब्यवस्था हिसाब | २ | ३,१६०,३९२।९४ |
| सदस्यहरूमा ऋण लगानी हिसाब | ११ | १२९,२४४,०३५।४० | निक्षेप हिसाब | ३ | १२३,०८०,०१५।९५ |
| पाउनु पर्ने हिसाब | १२ | ९८६,५८४।८६ | बाह्य ऋण हिसाब | ४ | ०।०० |
| सम्पति सामान हिसाब | १३ | ४५७,१८७।८६ | अनुदान हिसाब | ५ | ०।०० |
| अन्य सम्पति हिसाब | १४ | ८५,९२८।०० | भुक्तानि दिनु पर्ने हिसाब | ६ | १७६,९९६।८३ |
| कर्मचारी तलब भत्ता खर्च | १५ | १,४४३,९५५।०० | अन्य दायित्व हिसाब | ७ | १७०,०००।०० |
| कार्यालय संचालन खर्च | १६ | २,३९८,४१६।१४ | ब्याज आम्दानी | १८ | १७,२१९,६६२।४९ |
| निक्षेपमा ब्याज खर्च | १७ | ९,५२१,१६१।८८ | अन्य आम्दानी | १९ | २,२४१,३५५।७८ |
| ह्रासकट्टी हिसाब खर्च | १३ | १३१,३८१।२६ | | | |
| मर्मत खर्च | | २६,५००।०० | | | |
| जम्मा | | १६८,७५०,६८५।१४ | जम्मा | | १६८,७५०,६८५।१४ |
| | | | | | हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा |

ब्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए.अनुज नेपाल
अनुज एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

आ.व. २०७५ आषाढ मसान्तको

## आय बिवरण

| बिवरण | अनुसूचि | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|---|
| ब्याज आम्दानी | १८ | १७,२१९,६६२।४९ | १३,०३१,४१२।१८ |
| ब्याज खर्च | १७ | ९,५२१,१६१।८८ | ७,४६१,०८५।०८ |
| खुद ब्याज आम्दानी | | ७,६९८,५००।६१ | ५,५७०,३२७।१० |
| अन्य संचालन आम्दानी | १९ | २,२४१,३५५।७८ | ३,७१०,०३४।१७ |
| कुल संचालन आम्दानी | | ९,९३९,८५६।३९ | ९,२८०,३६१।२७ |
| प्रशासनिक तथा कार्याक्रम खर्च | | | |
| कर्मचारी खर्च | १५ | १,४४३,९५५।०० | १,३५९,८०२।१७ |
| कार्यालय संचालन खर्च | १६ | २,३९८,४१६।१४ | २,०३०,४१७।६२ |
| ह्रासकट्टि खर्च | १३ | १३१,३८१।२६ | १३४,२९५।३८ |
| मर्मत खर्च | | २६,५००।०० | ०।०० |
| जोखिम कोष ब्यवस्था | | ०।०० | ०।०० |
| कुल संचालन खर्च | | ४,०००,२५२।४० | ३,५२४,५१५।१७ |
| आयकर अगाडिको संचालन बचत | | ५,९३९,६०३।९९ | ५,७५५,८४६।१० |
| गत बर्षको नोक्सान हिसाब समायोजन | | ०।०० | ०।०० |
| आयकर गणना अगाडिको संचालन बचत | | ५,९३९,६०३।९९ | ५,७५५,८४६।१० |
| संस्थागत आयकर ब्यवस्था | | १,१८७,९२०।८० | १,१५१,१६९।२२ |
| आयकर ब्यवस्था पछाडिको संचालन बचत | | ४,७५१,६८३।१९ | ४,६०४,६७६।८८ |
| संचालन बचतको बाँडफाँड | | | |
| जगेडा कोष | | १,१८७,९२०।८० | १,१५१,१६९।२२ |
| अन्य कोष | | ३,५६३,७६२।३९ | ३,४५३,५०७।६६ |

हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा

व्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए.अनुज नेपाल
अनुज एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्टस

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

## आ.व. २०७५ आषाढ मसान्तको

## २०७५ असार मसान्तको स्थिति विवरण पत्र (वासलात)

| पुँजी तथा दायित्व | अनुसूची | २०७५ असार मसान्तमा रू. | २०७४ असार मसान्तमा रू. |
|---|---|---|---|
| शेयर पुँजी हिसाब | १ | १७,०८८,०००।०० | १४,६९०,०००।०० |
| जगेडा कोष तथा अन्य कोष हिसाब | २ | १०,३६५,९४४।३४ | ७,८७९,८६१।९० |
| कर्जा जोखिम ब्यहोर्ने कोष तथा संचयकोष | २.१ | ३,१६०,३९२।९४ | २,८२९,०८८।२१ |
| निक्षेप हिसाब | ३ | १२३,०८०,०१५।९५ | ११२,७७४,५८४।५४ |
| बाह्य ऋण हिसाब | ४ | ०।०० | ०।०० |
| अनुदान हिसाब | ५ | ०।०० | ०।०० |
| भुक्तानी दिनु पर्ने हिसाब | ६ | १७६,९९६।८३ | १३०,८९६।४२ |
| अन्य दायित्व हिसाब | ७ | १,३५७,९२०।८० | ६६७,६५१।९९ |
| कूल जम्मा | | १५५,२२९,२७०।८६ | १३८,९७२,०८३।०६ |

| सम्पति तथा जायदात | अनुसूचि | २०७५ असार मसान्तमा रू. | २०७४ असार मसान्तमा रू. |
|---|---|---|---|
| नगद हिसाब | ८ | ६१३,५९२।०१ | १,८९३,२२५।१४ |
| बैङ्क हिसाब | ९ | २२,६३३,४६०।२६ | २३,६२५,७९३।७६ |
| अन्य लगानी हिसाब | १० | १,२०८,४८२।४७ | ८७७,१८०।१५ |
| सदस्य ऋण लगानी हिसाब | ११ | १२९,२४४,०३५।४० | १११,९०८,९१०।४० |
| पाउनु पर्ने हिसाब | १२ | ९८६,५८४।८६ | ८८,७९९।७२ |
| स्थिर सम्पति हिसाब | १३ | ४५७,१८७।८६ | ४७८,८६८।८९ |
| अन्य सम्पति हिसाब | १४ | ८५,९२८।०० | ९९,३०५।०० |
| कूल जम्मा | | १५५,२२९,२७०।८६ | १३८,९७२,०८३।०६ |

**हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा**

| व्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए.अनुज नेपाल |
|---|---|---|---|---|
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

## आ.व. २०७५ आषाढ मसान्तको

### नगद प्रवाह विवरण

| १. संचालन गतिविधिबाट नगद प्रवाह | चालु अवधिमा रु. | गत वर्ष रु. |
|---|---|---|
| (क) नाफा (नोक्सान) आय विवरणबाट | ४,७५१,६८३।१९ | २,४८८,२५९।९४ |
| जोड्नेः गैह्न नगद खर्च | | |
| ह्रास कट्टी | १३१,३८१।२६ | ३१,५७५।२२ |
| जोखिम व्यहोर्ने कोष व्यवस्था | ०।०० | ०।०० |
| पर सारिएको खर्च अपलेखन | ०।०० | ०।०० |
| चालु पुंजीमा परिवर्तन अधिको नगद प्रवाह | ४,८८३,०६४।४५ | २,५१९,८३५।१६ |
| (ख) चालु सम्पत्तीमा (वृद्धी) कमी | | |
| जिन्सी मौज्दातमा (वृद्धी) कमी | १३,३७७।०० | (९९,३०५।०० |
| आसामी लिनुपर्ने हिसावमा (वृद्धी) कमी | ०।०० | ०।०० |
| पेश्की/धरौटी/अग्रीम भुक्तानीमा (वृद्धी) कमी | (८९७,७८५।१४ | १८५,२४०।३८ |
| चालु सम्पत्तीमा खुद (वृद्धी) कमी | (८८४,४०८।१४ | ८५,९३५।३८ |
| (ग) चालु दायित्वमा वृद्धी (कमी) | | |
| भुक्तानी दिनुपर्ने हिसावमा वृद्धी (कमी) | ४६,१००।४१ | (९१,८३६।६९ |
| कोषबाट (भुक्तानी खर्च) | ०।०० | ०।०० |
| आयकर (भुक्तानी) | ६९०,२६८।८१ | (५८७,४९३।६७ |
| चालु दायित्वमा खुद वृद्धी (कमी) | ७३६,३६९।२२ | (६७९,३३०।३६ |
| चालु पूंजीमा परिवर्तन (क+ख+ग ) | ४,७३५,०२५।५३ | १,९२६,४४०।१८ |
| २. लगानी गतिविधिबाट नगद प्रवाह | | |
| ऋण लगानी (वृद्धी) कमी | (१७,३३५,१२५।०० | २,१९२,८००।४२ |
| अन्य लगानी (वृद्धी) कमी | (३३१,३०२।३२ | १४,९८२,४८०।०० |
| स्थिर सम्पत्ती (खरिद/निर्माण) | (१०९,७००।२३ | (२८,९९९।०० |
| लगानी गतिविधिबाट खुद नगद प्रवाह | (१७,७७६,१२७।५५ | १७,१४६,२८१।४२ |
| ३. वित्तिय गतिविधिवाट नगद प्रवाह | | |
| शेयर पूंजीमा वृद्धी (कमी) | २,३९८,०००।०० | १२५,७००।०० |
| वचत निक्षेप वृद्धी (कमी) | १०,३०५,४३१।४१ | (५,४४९,५६६।०३ |
| कोष बुद्धि (कमि | (१,९३४,२९६।०२ | १९,७४५।०० |
| वित्तिय गतिविधिबाट खुद नगद प्रवाह | १०,७६९,१३५।३९ | (५,३०४,१२१।०३ |
| जम्मा नगद वृद्धी (कमी (१+२+३) | (२,२७१,९६६।६३ | १३,७६८,६००।५७ |
| वर्षारम्भको नगद तथा सो सरह मौज्दात | २५,५१९,०१८।९० | ११,७५०,४१८।३३ |
| वर्षान्तमा नगद तथा सो सरह मौज्दात | २३,२४७,०५२।२७ | २५,५१९,०१८।९० |

हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा

व्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए.अनुज नेपाल
अनुज एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

## पर्ल्स (PEARLS) मुल्यांकन पद्धतिका अनुपातहरूः–

### पर्ल्स अनुगमन २०७५ असार मसान्त सम्म

| क्षेत्र | PEARLS Ration (पर्ल्स अनुपात) | लक्ष्य ५% | रकम | परिमाण % |
|---|---|---|---|---|
| P | *PROTECTION* (सुरक्षा) | | | |
| P1 | ऋण जोखिमको लागि ब्यवस्था (Allowance for lone Losses) | १००% | ५५८,२५२.०० | १००.०० |
| | १बर्ष भन्दा बढी भाखा नाघेको ऋण ( Deliquency 12 month) | | ५५८,२५२.०० | |
| P2 | ऋण जोखिमको लागि ब्यवस्था (Allowance for lone Losses) | ३५% | ४२३,९११.२५ | ३५.०० |
| | १ बर्ष भन्दा कम भाखा नाघेको (Deliquency 1to12 month) | | १,२११,१७५.०० | |
| | ऋण जोखिमको लागि ब्यवस्था (Allowance for lone Losses) | १% | १,२७४,७४४.८१ | १.०० |
| | कुल लगानीमा रहेको असल ऋण (Ggood Loans) | | १२६,९८७,१२७.३४ | |
| E | Effective Fiancial Structure ( प्रभावकारी वितीय संरचना) | | | |
| E1 | लगानीमा रहेको खुद ऋण (Net Lone) | ७०–८० | १२६,९८७,१२७.३४ | ८१.८१ |
| | कुल सम्पति (Total assets) | | १५५,२२९,२७०.८६ | |
| E2 | तरल लगानी (Liquid Invesments) | बढिमा २० ५ | २२,६३३,४६०.२६ | १४.५८ |
| | कुल सम्पति (Total assets) | | १५५,२२९,२७०.८६ | |
| E3 | वित्तिय लगानी (Financial Invesments) | बढिमा १० ५ | १,२०८,४८२.४७ | ०.७८ |
| | कुल सम्पति (Total assets) | | १५५,२२९,२७०.८६ | |
| E5 | निक्षेप (saving Deposits) | ७०–८० | १२३,०८०,०१५.९५ | ७९.२९ |
| | कुल सम्पति (Total Assets) | | १५५,२२९,२७०.८६ | |
| E6 | वाह्य ऋण (External Credit) | बढिमा ५% | ०.०० | ०.०० |
| | कुल सम्पति (Total Assets) | | १५५,२२९,२७०.८६ | |
| E7 | शेयर पुँजी (Capital) | १०–२० | १७,०८८,०००.०० | ११.०१ |
| | कुल सम्पति (Total Assets) | | १५५,२२९,२७०.८६ | |
| E8 | संस्थागत पुँजी (Instiutional Capital) | कम्तिमा १०% | ६,७२६,८९२.०९ | ४.३३ |
| | कुल सम्पति (Total Assets) | | १५५,२२९,२७०.८६ | |
| A | Assets Quality (सम्पतिको गुणस्तर) | | | |
| A1 | भाखा नाघेको ऋण (Total Delinquency) | ५% भन्दा कम | १,७६९,४२७.०० | १.३७ |
| | कुल लगानीमा रहेको ऋण (Total Loan Protfolio) | | १२९,२४४,०३५.४० | |
| A2 | आय आर्जन नगर्ने सम्पति (Non Earning Assets) | ५% भन्दा कम | ४५७,१८७.८६ | ०.२९ |
| | कुल सम्पति (Total Assets) | | १५५,२२९,२७०.८६ | |
| R | Rates of Return and Cost (प्रतिफल र लागत दर) | | | |
| R9 | प्रशासनिक खर्च (Operating Expenses) | ५% | ३,८४२,३७१.१४ | २.६१ |
| | औसत सम्पति (Average Assets) | | १४७,१००,६७६.९६ | |
| R12 | शुद्ध बचत (Net Income) | १०% | ४,७५१,६८३.१९ | ३.२३ |
| | औसत सम्पति (Average Assets) | | १४७,१००,६७६.९६ | |
| L | Liquidity (तरलता) | | | |
| L2 | तरल रकम (Liquidity Reserves) | १०–२०% | २३,२४७,०५२.२७ | १८.८९ |
| | जम्मा निक्षेप (Total Saving Deposits) | | १२३,०८०,०१५.९५ | |
| S | Signs of Growth (बृद्धिको संकेत) | | | |
| S10 | सदस्यता वृद्धि (Growth Membership) | > १२% | गत बर्ष १८९२ | ६.८२ |
| | | | यस बर्ष २०२१ | |
| S11 | कुल सम्पतिमा वृद्धि (Growth Total Assets) | **मुद्रा स्फिति भन्दा बढी** | **गत बर्षा** १३,८९,७,२०८३.०६ | ११.७० |
| | | | **यस बर्षा** १५,५२,२९,२७०.८६ | |

हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| **व्यवस्थापक** | **कोषाध्यक्ष** | **लेखा सु.स संयोजक** | **अध्यक्ष** | **सि.ए.अनुज नेपाल** |
| **रामगोपाल घले** | **जनक तिमल्सिना** | **दण्डपाणि अधिकारी** | **दिपकप्रसाद दाहाल** | **अनुज एण्ड एसोसिएट्स** |
| | | | | **चार्टर्ड एकाउन्टेन्ट्स** |

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.

धुलिखेल–४, काभ्रेपलाञ्चोक ।

**२०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा सम्पन हुने अवधिको आय बिवरण संग सम्बन्धित**

**अनुसूची १**

**शेयर हिसाब**

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| शेयर हिसाब | १७,०८८,०००।०० | १४,६९०,०००।०० |
| कूल शेयर रकम | १७,०८८,०००।०० | १४,६९०,०००।०० |

**अनुसूची २**

**कोष हिसाब**

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| जगेडा कोष | ४,९३७,५१८।८० | ३,७०५,०७९।७५ |
| शेयर लाभांस कोष | ३,०४८,१५५।५३ | २,५३५,८३२।७३ |
| संरक्षित पूँजी फिर्ता कोष | ५१०,८१७।४८ | ३३२,६२९।३६ |
| कर्मचारी बोनस कोष | २०३,४६५।११ | १७४,८९६।९९ |
| घाटापूर्ति कोष | ६६५,३६५।२० | ४८७,१७७।०८ |
| सहकारी शिक्षा कोष | ३८७,४३१।६२ | २०९,२४३।५० |
| सहकारी संस्था विकास कोष | ६१३,१९०।६२ | ४३५,००२।५० |
| जम्मा | १०,३६५,९४४।३४ | ७,८७९,८६१।९० |

**अनुसूची २.१**

**अन्य कोष ब्यवस्था हिसाब**

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| कर्मचारी संचय कोष | ९०३,४८४।८८ | ५७२,१८०।१५ |
| कर्जा जोखिम ब्यवस्था | २,२५६,९०८।०६ | २,२५६,९०८।०६ |
| जम्मा | ३,१६०,३९२।९४ | २,८२९,०८८।२१ |

| ब्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए.अनुज नेपाल |
|---|---|---|---|---|
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्टस् |

अनुसूची ३

## बचत हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| माशिक बचत | ४८,९२६,०८१।४४ | ४१,१७८,९९८।४६ |
| दैनिक बचत | ५,७१३,८२५।५६ | ३,९७६,९०४।६५ |
| ऐच्छिक बचत | ४९,६५३,१२४।२५ | ४८,५४७,३९७।०९ |
| क्रमिक बचत | ४,८४३,६४०।०० | ८,२०४,१०९।०० |
| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
| विशेष बचत | ४३३,३२२।३७ | ४३५,४४७।०१ |
| आवधिक बचत | ८,६५८,०००।०० | ६,६४०,०००।०० |
| संस्थागत बचत | ५७३,६१५।५० | ४३८,०८८।५० |
| शेयर बचत | ४५३।०० | २६३।०० |
| चाडपर्व बचत | २,७०६,५१५।८३ | ३,२१४,१३८।२२ |
| कर्मचारी संचय कोष बचत | ०।०० | १३९,२३८।६१ |
| शेयर लाभाशं बचत | १,५७१,४३८।०० | ०।०० |
| कूल बचत रकम | १२३,०८०,०१५।९५ | ११२,७७४,५८४।५४ |

अनुसूची ६

## भुक्तानी दिनु पर्ने हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| लेखा परीक्षण शुल्क | २९,६०२।०० | ३४,०००।०० |
| लेखा परीक्षण शुल्क कर | ०।०० | ६,०००।०० |
| निक्षेपमा दिएको ब्याज कर | १२४,६२७।८८ | ४,४८६।७९ |
| घर भाडा कर | ४,६४३।४२ | ६,४९५।८४ |
| सामाजिक सुरक्षा कर | ३,४६१।५० | ५,६५७।७९ |
| वैठक भत्ता कर | १२,०००।०० | ७३,८६८।०० |
| भ्याट खरिद कर | २,६६२।०३ | ३८८।०० |
| जम्मा | १७६,९९६।८३ | १३०,८९६।४२ |

व्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए.अनुज नेपाल
अनुज एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्टस

## अनुसूची ७

### अन्य दायित्व हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| राहत कोष ब्यवस्था | १००,०००।०० | १००,०००।०० |
| उपदान कोष | ७०,०००।०० | ७०,०००।०० |
| आयकर ब्यवस्था | १,१८७,९२०।८० | ४९७,६५१।९९ |
| जम्मा | १,३५७,९२०।८० | ६६७,६५१।९९ |

## अनुसूची ८

### नगद हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| नगद हिसाब | ६१३,५९२।०१ | १,८९३,२२५।१४ |
| जम्मा | ६१३,५९२।०१ | १,८९३,२२५।१४ |

## अनुसूची ९

### बैङ्क हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| एन सि.सि बैङ्क लि.( क) खाता नं ४९०१ | १,६३८,८३२।२२ | २,५७५,४४८।५७ |
| एन सि.सि बैङ्क लि.(ख) खाता नं. २००१ | ०।०० | १,६४४,९३६।१५ |
| जिल्ला बचत तथा ऋण सहकारी संघ खाता नं.०००३१ | १०,१२८,४२१।२५ | १६,२०३,९००।९० |
| सेन्चुरी कमर्सियल बैङ्क लि खाता नं. *0390000239 CL* | १,९५७,०५५।४६ | ९५२,५१७।८३ |
| प्राईम कमर्सियल बैङ्क खाता नं. 05200127 CC | १०२,०८९।२६ | ९८६,१९५।०० |
| मनकामना वित्तीय सहकारी संस्था लि. २०३७ | १६५,७०६।९६ | १५०,१९२।४० |
| राष्ट्रिय सहकारी बैङ्क लि खाता नं १४०००५२८ | १,४७९,१८७।४१ | ५६३,९३९।६९ |
| नेफ्स्कुन मासिक बचत खाता नं ३००१००८२४ | १४७,२१४।५६ | १३२,६२२।८९ |
| नेफ्स्कुन साधारण बचत खाता नं. ३०१०००७३३ | ७,३४६।९७ | ४,६९५।८२ |
| बचत तथा ऋण सहकारी संघ मासिक बचत **RS** ८० | ४६५,८६५।३५ | ३९५,७५७।६५ |
| जिल्ला सहकारी संघ लि. ००११४ | ३५,६२५।४३ | १५,५८६।८६ |
| नेफ्स्कुन सी.यु. बचत खाता | ६,५०६,११५।३९ | ०।०० |
| जम्मा | २२,६३३,४६०।२६ | २३,६२५,७९३।७६ |

| व्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए.अनुज नेपाल |
|---|---|---|---|---|
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

## अनुसूची १०

### अन्य लगानी हिसाब

| शेयर लगानी | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रिय संघ (नेफ्स्कुन) | २२,०००।०० | २२,०००।०० |
| काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण स. संघ काभ्रे | २३८,०००।०० | २३८,०००।०० |
| जिल्ला सहकारी संघ,काभ्रे | २५,०००।०० | २५,०००।०० |
| शेयर राष्ट्रिय सहकारी बैङ्क,काभ्रे | २०,०००।०० | २०,०००।०० |
| अवकाश कोष लगानि सिद्धार्थ बै.लि | ९०३,४८२।४७ | ५७२,१८०।१५ |
| जम्मा | १,२०८,४८२।४७ | ८७७,१८०।१५ |

## अनुसूची ११

### सदस्य ऋण लगानी हिसाब

| बिवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| घर जग्गा खरिद ऋण | १७,४०७,८५७।०० | २४,११३,४२९।०० |
| ब्यवसायिक ऋण | ६८,२१८,६९४।०० | ६६,०७८,५९६।०० |
| सामाजिक ऋण | ७,५५१,९४०।४० | १४,६६५,१५८।४० |
| हायर पर्चेज ऋण लगानी | ३,०२०,४२७।०० | २,७०१,७६४।०० |
| घर निर्माण ऋण लगानी | ४,८००,०००।०० | ४,३४९,९६३।०० |
| किस्ताबन्दी ऋण लगानी | २८,२४५,११७।०० | ०।०० |
| जम्मा ऋण लगानी | १२९,२४४,०३५।४० | १११,९०८,९१०।४० |
| न्यून जोखिम ब्यहोर्ने कोष | (२,२५६,९०८।०६ | (२,२५६,९०८।०६ |
| खुद लगानीमा रहेको रकम | १२६,९८७,१२७।३४ | १०९,६५२,००२।३४ |

## अनुसूची १२

### पाउनु पर्ने हिसाब

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| अग्रिम आय कर ब्याज | ९७८,५८४।८६ | ७०,७९९।७२ |
| टेलिफोन धरौटी | ३,०००।०० | ३,०००।०० |
| अन्य पेश्कि | ५,०००।०० | १५,०००।०० |
| जम्मा | ९८६,५८४।८६ | ८८,७९९।७२ |

| व्यवस्थापक<br>रामगोपाल घले | कोषाध्यक्ष<br>जनक तिमल्सिना | लेखा सु.स संयोजक<br>दण्डपाणि अधिकारी | अध्यक्ष<br>दिपकप्रसाद दाहाल | सि.ए.अनुज नेपाल<br>अनुज एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्टस |
|---|---|---|---|---|

अनुसूची १३

## स्थिर सम्पति सामान हिसाब

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| गत बर्ष सम्मको बाँकी | ४७८,८६८।८९ | ५८४,१६५।४२ |
| यस बर्ष खरिद | १८६,०००।०० | २८,९९९।०० |
| बिक्री | (७६,२९९।७७ | ०।०० |
| जम्मा बाँकी | ५८८,५६९।१२ | ६१३,१६४।४२ |
| ह्रासकट्टी हिसाब | (१३१,३८१।२६ | (१३४,२९५।५३ |
| जम्मा बाँकी | ४५७,१८७।८६ | ४७८,८६८।८९ |

अनुसूची १४

## अन्य सम्पति सामान हिसाब

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| स्टेशनरी मौज्दात(ब्यवस्थापनले प्रमाणित गरे बमोजिम) | ८५,९२८।०० | ९९,३०५।०० |
| जम्मा बाँकी | ८५,९२८।०० | ९९,३०५।०० |

अनुसूची १५

## कर्मचारी खर्च

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| कर्मचारी तलब खर्च | १,३४६,९६५।०० | १,३३५,९१८।१७ |
| कर्मचारी संचयकोष खर्च | ९६,९९०।०० | २३,८८४।०० |
| जम्मा | १,४४३,९५५।०० | १,३५९,८०२।१७ |

ब्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए. अनुज नेपाल
अनुज एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

अनुसूची १६

## कार्यालय संचालन खर्च

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| मसलन्द | ७३,५७३।४७ | १५५,६१३।०० |
| इन्धन यातायात | १७,२७०।०० | ११५,७५०।०० |
| विविध | ९,७२२।६७ | ४२,८३४।६२ |
| लेखापरीक्षण | ३०,०००।०० | ३०,०००।०० |
| घर भाडा | २४१,७७६।०० | २७८,०१९।०० |
| नविकरण खर्च (सदस्य, सफ्वेयर) | २४,५३०।०० | ६,८९५।०० |
| अतिथि सत्कार खर्च | ४४,२३५।०० | १०९,६३०।०० |
| सुचना सञ्चार | ३७,४३२।०० | ६२,७८७।०० |
| विधुत महशुल | १९,२३०।०० | २०,२६१।०० |
| बैठक भता | १७७,५००।०० | २५९,४००।०० |
| पुस्तक पत्रपत्रिका | ३७२०।०० | १२,७५०।०० |
| समवेदना तथा सूचना छपाई | ११९६५।०० | २४,८६०।०० |
| कर्मचारी पोसाक खरिद | ४५,०००।०० | २,७४०।०० |
| ऋण ब्याज छुट | २८४,५५६।०० | १६,०००।०० |
| कार्यालय फर्निसिङ | ७६७६८।०० | ०।०० |
| अफिस नेटवर्किक | ५४८७७।०० | ०।०० |
| अफिस उद्घाटन खर्च | १५४४३।०० | ०।०० |
| देनिक बचत प्रवदन खर्च | ११४२४।०० | ०।०० |
| कपि पेन्सिल बितरण खर्च | १३५,१२०।०० | ०।०० |
| साधारण सभा संचालन खर्च | ९१,५५५।०० | ६१०,९१०।०० |
| साधारण सभा पारबहन खर्च | ५३०,०००।०० | ०।०० |
| बार्षिक उत्सव खर्च | ३३,३१५।०० | ०।०० |
| सहकारी संस्था अवलोकन भ्रमण खर्च | १०१,३१०।०० | २१,६७८।०० |
| बाल शैक्षिक भ्रमण तथा बनभोज खर्च | २५,०४५।०० | ०।०० |

क्रमसः

| व्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए. अनुज नेपाल |
|---|---|---|---|---|
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्टस |

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| वनभोज कार्यक्रम खर्च | ५८,५२०।०० | ०।०० |
| भित्तेपात्रो छपाई खर्च | २८,५००।०० | ०।०० |
| तीज कार्यक्रम खर्च | २२,४००।०० | ०।०० |
| दन्त शिविर संचालन खर्च | ९,७७०।०० | ०।०० |
| शुभकामना कार्यक्रम | ६,१०५।०० | ०।०० |
| लक्ष्मी पूजा कार्यक्रम | ४,४५३।०० | ०।०० |
| अभिमुखिकरण गोष्ठि | ७,०००।०० | ०।०० |
| अर्धबार्षिक समिक्षा कार्यक्रम | १८,३०६।०० | ०।०० |
| सुत्केरी भेटघाट | १५,०००।०० | ०।०० |
| तालिम खर्च | २१,८९०।०० | १,५००।०० |
| सदस्य विमा खर्च | ६७,१०५।०० | ३,९४५।०० |
| सदस्यता राहत खर्च | ४४,०००।०० | २०,०००।०० |
| अन्य कार्यक्रम | ०।०० | २३४,८४५।०० |
| जम्मा | २,३९८,४१६।१४ | २,०३०,४१७।६२ |

हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा

**अनुसूची १७**

## व्याज खर्च

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| निक्षेपमा व्याज खर्च | ९,५२१,१६१।८८ | ७,४६१,०८५।०८ |
| जम्मा | ९,५२१,१६१।८८ | ७,४६१,०८५।०८ |

**अनुसूची १८**

## व्याज आम्दानी

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| ऋणको लगानी व्याज आम्दानी | १७,२१९,६६२।४९ | १३,०३१,४१२।१८ |
| जम्मा | १७,२१९,६६२।४९ | १३,०३१,४१२।१८ |

व्यवस्थापक
रामगोपाल घले

कोषाध्यक्ष
जनक तिमल्सिना

लेखा सु.स संयोजक
दण्डपाणि अधिकारी

अध्यक्ष
दिपकप्रसाद दाहाल

सि.ए.अनुज नेपाल
अनुज एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

अनुसूची १९

अन्य आम्दानी

| विवरण | २०७५ असार मसान्त | २०७४ असार मसान्त |
|---|---|---|
| कार्यालय व्यवस्थापन शुल्क | ९४६,२२४।०० | १,४०३,०९९।०० |
| प्रवेश शुल्क | ०।०० | २,८७५।०० |
| विलम्ब शुल्क | २८,३३०।०० | ३६,५१५।०० |
| लाभाशं | ४४,८१८।५६ | ३७,७२९।११ |
| ऋण आवेदन फारम | १९,२२५।०० | २७,७५०।०० |
| विविध आम्दानी | १३,०३४।५० | ४९,९२४।०८ |
| बैङ्क ब्याज आम्दानी | १,१६९,३२३।७२ | १,९५९,१७७।६१ |
| पासबुक बिक्री | ५००।०० | १००।०० |
| खाता बन्दी शुल्क | १९,९००।०० | ०।०० |
| जोखिम ब्यहोर्ने कोषबाट आम्दानी | ०।०० | १९२,८६४।३७ |
| जम्मा | २,२४१,३५५।७८ | ३,७१०,०३४।१७ |

हाम्रो आजको मितिको प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए.अनुज नेपाल |
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसियट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

# अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

धुलिखेल–४,बखुण्डोल,काभ्रेपलाञ्चोक

२०७५ असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त अवधिको आय बिवरण संग सम्बन्धित

## प्रमुख लेखा नीतिहरू तथा टिप्पणीहरू

अनुसूचि २०

१. **परिचयः**

प्रस्तुत वित्तिय विवरणहरू अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०७४/७५ को असार मासान्तसम्मको कारोवार संग सम्बन्धित छन् । धुलिखेल नगरपालिका र बनेपा नगरपालिका भित्र आफ्नो कार्यक्षेत्र रहेको यस संस्थाको कार्यालय धुलिखेल–४ मा रहेको छ । यस संस्थाका वित्तिय विवरणहरू ऐतिहासिक लागत अवधारणा, नेपाल लेखामान तथा अन्य प्रचलित लेखामान, सहकारी ऐन घ२०७४, नियमावली २०४९, र सहकारी मापदण्ड २०६८ अनुसार तयार गरिएकोछ ।

२. **प्रमुख लेखा नितीहरूः**

क) स्थिर सम्पति ह्रास कट्टि ब्यवस्थाः

स्थिर सम्पतिहरू ऐतिहासिक लागत अवधारणाको आधारमा लेखाकंन गरेको छ र ह्रासकट्टि देहाय वमोजिमका दरले घट्दो दरमा गरिएकोछ । सो दर तथा प्रणाली आयकर ऐनमा तोके बमोजिम नै हो ।

- भवन — ५ प्रतिशत
- फर्निचर, कम्प्यूटर, कार्यालय सामान — २५ प्रतिशत
- सवारी साधन — २० प्रतिशत
- अन्य उपकरण — १५ प्रतिशत

ख) आयकर ब्यवस्थाः

संस्थाले आयकर ऐन २०५८ र नियमावली बमोजिम आयकर अघिको नाफामा आवश्यक समायोजन सहीत हुन आउने कर योग्य आयको सहकारी संस्थालाई लाग्ने यस अवधिको आयकर ब्यवस्था रू. ११ ८७,९३२।८० रहेको छ ।

ग) लगानी सम्बन्धि नितीः

सहकारी संस्थाले सहकारी ऐन २०४८,नियमावली २०४९ र संस्थाको विनियमको परिधि भित्र रहि लगानी गर्ने नीति लिएकोछ ।

घ) गैर बैकिङ्ग सम्पतिको लेखा नीतिः

सहकारी संस्थाले सहकारी ऐन २०४८, नियमावली २०४९ अनुसार गैर बैकिङ्ग सम्पतिको लेखा राख्ने नीति लिएको छ । हाल सम्म कुनै गैह् बैकिङ्ग सम्पति नरहेको ।

ङ) पूँजीकृत नगरिने सम्पतिहरू सम्बन्धि लेखाकंन नीतिः

संस्थाले एक बर्ष भन्दा बढी टिकाउ हुने सामान खरिद गर्दा पूँजिकृत गर्ने गरीएको छ

च) कर्मचारी संचय कोष ब्यवस्थाः

संस्थामा कार्यरत कर्मचारीहरूलाई तलब स्केलको १० प्रतिशत संचयकोष खर्च लेखि कर्मचारीहरू बाट सोहि र कम बराबर कट्टि गरि आन्तरिक राजस्व कार्यालयबाट स्वीकृत प्राप्त शिद्धार्थ डेभलपमेन्ट बैंकको ब्यवस्थापनमा संचालित सिद्धार्थ अवकास कोषमा माशिक रूपमा दाखिला गर्ने गरिएको छ ।

**छ) नाफा/नोक्सान हिसाबमा आम्दानी र खर्च जनाउने नीतिः**

अ) आम्दानी जनाउने नीतिः

- ❖ यस सहकारी संस्थाले कर्जा तथा लगानीको ब्याज/लाभांश नगद प्राप्ती *(cash Basis)* को आधारमा आम्दानी जनाउने गरीएको छ ,जुन नेपाल लेखामान अनुरूप छैन ।
- ❖ अन्य आम्दानी/खर्च प्रोद्‌भावी आधारमा *(Accrual Basis)* मा लेखाङकन गर्ने गरएिको छ ।

**आ) व्याज गणना विधि :**

- ❖ निक्षेपको व्याज दिदां र कर्जा सापटीमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ।
- ❖ निक्षेप तर्फ दिईने ब्याज सम्झौता तथा करारमा उल्लेख भएअनुसार ब्याज खर्च गरिएको छ।

**छ) कर्मचारी उपदान कोष ब्यवस्थाः**

कर्मचारी उपदानको हकमा सोको गणना कर्मचारीहरूको अवकासको समयमा गर्ने नीति लिएकोछ, जुन नेपाल लेखामान अनुरूप छैन ।

**३. लेखा सम्बन्धि टिप्पणीहरूः**

१) आ.व. २०७३/७४ असार मसान्त सम्ममा रू १११,९०८,९१०।४० कर्जा प्रवाह रहेकोमा यस बर्ष रू ८४,३९४,६५०।०० थप लगानी गरी साँवा असुल रू. ६७,०५९,५२५।०० गरि गत लगानी समेत यस बर्ष सम्म रू. १२९,२४४,०३५।४० लगानमि रहेको छ । उक्त ऋण लगानीमा नियमानुसार कर्जा जोखिम कोषको ब्यवस्था रू. २२,५६,९०८।०६ गरिएको छ ।

२) निक्षेप दायित्व अन्तर्गत गत आ.व. मा ११,२७,७४,५८४।५४ यस आ.व. मा रू. ३२७,३४८,३६६।२९ बचत संकलन तथा रू. ३१७,०४२,९३४।८८ निक्षेप फिर्ता गरी गत बर्षको निक्षेप समेत यस बर्षसम्म रू. १२,३०,८०,०१५।९५ रहेको छ ।

३) सहकारी संस्थाको कर्जा तर्फ औषत ब्याजदर १४ प्रतिशत र निक्षेप तर्फ औसत ब्याजदर ९.५ प्रतिशत कायम भई ब्याज दरको अन्तर ४.५ प्रतिशत रहेको छ ।

४) आ.व. २०७४/७५ असार मसान्त सम्ममा संस्थाले खुद नाफा रू. ४,७५१,६८३।१९ आर्जन गरेकोमा २५ प्रतिशत जगेडा कोषमा सारी बाँकी रहेको रू. ३५,६३,७६२।३९ लाई संस्थाको विनियम बमोजिम को षहरूमा वाँडफाँड गरिएको छ ।

५) सहकारी संस्था ऐन नियम तथा सहकारी मापदण्ड २०५८ बमोजिम कर्जा जोखिम कोषमा रू. २२,५६,९०८।०६ ब्यवस्था गरिएको छ ।

६) सबै रकमहरू नेपाली मुद्रामा राखिएका छन् ।

| व्यवस्थापक | कोषाध्यक्ष | लेखा सु.स संयोजक | अध्यक्ष | सि.ए.अनुज नेपाल |
|---|---|---|---|---|
| रामगोपाल घले | जनक तिमल्सिना | दण्डपाणि अधिकारी | दिपकप्रसाद दाहाल | अनुज एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्टस |

# n]vf ;ldltsf] k|ltj]bg



**दण्डपाणि अधिकारी**
संयोजक

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्थाको दोश्रो साधारण सभाका सभापति तथा संस्थाका आदरणीय अध्यक्ष महोदय, यस गरिमामय सभामा आफ्नो अमूल्य समय दिनु भई उपस्थित हुनुभएका प्रमुख अतिथि तथा अन्य अतिथिज्यूहरू, सहकारीका गहन चिन्तक, विज्ञ सल्लाहकारज्यूहरू, संस्थाका संचालक समिति र अन्य उप-समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, कर्मचारी साथीहरू, सभामा उपस्थित संचारकर्मी साथीहरूका साथै सम्पूर्ण शेयर सदस्यज्यूहरू,

गत बर्ष संस्थाको एकीकरण भइसकेपछि प्रथम साधारण सभाबाट हामीले लेखा समितिको जिम्मेवारी सम्हालेका थियौं । लेखा समिति भनेको संस्थाको हिसाब किताब राख्ने लेखापाल होईन, बरू यो संचालक समितिको सुपरिवेक्षक र मूल्याङ्कन कर्ता हो, जसले संचालक समितिले गरेका कामको मूल्याङ्कन गरी उक्त समितिलाई संस्थाद्वारा निर्धारित बाटोमा हिंड्न र हिंडाउन प्रेरित र सहयोग गर्दछ । तसर्थ दूर दृष्टि राख्नेहरूले लेखा समितिलाई उच्च महत्व दिएका हुन्छन । हामीले यो जिम्मेवारीलाई गम्भीरताका साथ मनन गरी आफ्नो काम सम्पन्न गरेका छौं । यस सम्मानित सभामा लेखा समितिको तर्फबाट हामी सम्पूर्ण शेयर सदस्य र संचालक समितिलाई निम्न कुराहरूमा ध्यान दिन विशेष आग्रह गर्दछौं ।

१. संस्था तपाईं हामी सम्पूर्ण शेयर सदस्यहरूको साझा चौतारी हो । यसमा बसेर तपाईं हामी सामूहिक चिन्तन र सामूहिक कर्म गर्दै सामूहिक प्रतिफल प्राप्त गर्ने कोसिस गरौं ।
२. तात्कालिक लाभ लिने कुरामा भन्दा दीर्घकालीन हित हुने योजना र लक्ष्यहरूलाई प्राथमिकता दिने गरौं ।
३. हामी सम्पूर्ण शेयर सदस्यहरूले संस्थाका विभिन्न बचत योजनाहरूमध्ये उपयुक्त योजनाहरूमा सहभागी भई बचत गर्ने गरौं र नेतृत्वमा रहने मित्रहरूले संस्थागत पूँजी बृद्धिका योजनाहरू निर्माण गरौं ।
४. सहकारी अभियानमा सहकारीको चिन्ह पाटी राखेर केही सीमित ब्यक्तिहरूको स्वार्थ साधना गर्ने संस्थाहरू पनि हुन सक्दछन्, हामी त्यस्ता ऐजेरू संस्थाहरूको भूलभुलैयाबाट मुक्त बनौं र आफूलाई सामुदायिक हितमा केन्द्रित गरौं ।
५. हामीभित्र कतै आलस्य र निस्कृयता मौलाएको हुन सक्दछ भने कतै अहंकार र मपाईत्व पलाएको हुन सक्दछ । संस्थाकालागि यस्ता प्रवृतिहरू घातक छन् , यस कुरामा हामी सचेत बनौं ।

अब हामी गत बर्ष गरेका कामहरूको प्रतिवेदनतर्फ लागौं । गत बर्षको श्रावण २१ गते अघिल्लो लेखा समितिको बैठक बसेको थियो भने यो लेखा समिति गठन भए पछि २०७५ आषाढ सम्म ४ पटक र २०७५ श्रावण र भाद्र महिनामा १,१ पटक लेखा समितिको वैठक बसेको छ । यी

वैठकहरूबाट हामीले संचालक समितिले आ.व. २०७४/०७५ मा गरेका कार्यहरूको आन्तरिक लेखा परीक्षण, सुपरिवेक्षण र मूल्याङ्कन गरेका छौं । सहकारी मापदण्डले तोकेको ढाँचामा ती कामहरूको प्रतिवेदन निम्न बमोजिम प्रस्तुत गर्दछौं ।

<u>अनुसूची-२</u>

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्थाः-**

सिपमूलक तालिम, सहकारी दिवस, नारी दिवस, बाह्र कक्षा उत्तीर्ण सम्मान र तालिम कार्यक्रमहरू सम्पन्न भएको देखिएन । घर दैलो कार्यक्रम १ पटक भएको र अन्य कार्यक्रमहरू सम्पन्न भएको देखिन्छ । तर सदस्यता बृद्धि र वित्तीय लक्ष्य प्राप्त गर्न सकेको देखिंदैन ।

**२. आ.व. २०७४/०७५ मा संचालक समितिको वैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था**

- संस्थाको संचालक समितिको वैठक १३ पटक बसेको पाईन्छ ।
- निर्णयहरू सामान्यतया कार्यान्वयन भएको देखिन्छ ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्थाः**

संस्थाद्वारा ऋण लगानी दुई किसिमबाट हुने गरेको देखिन्छ ।

क. अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी ।

ख. बचतको आधारमा ऋण लगानी ।

**क. अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी :**

अचल सम्पत्ति धितो जमानतमा ऋण लगानी गर्दा ऋण उप समितिले अधिकतम रू. १०,००,०००।- (दशलाख) सम्म तथा उपाध्यक्ष र कोषाध्यक्ष सहितको ऋण उप-समितिले अधिकतम रु २५,००,०००।- (पच्चीस लाख) सम्म ऋणी वा एकाघर परिवारको नाममा रहेको अचल सम्पत्ति मालपोत कार्यालयमा संस्थाको नाममा दृष्टि बन्धक रोक्का राखी ऋण लगानी गरिने र यसरी गरिएको ऋण लगानीलाई संचालक समितिको बैठकबाट अनुमोदन गरिने गरिएको देखिन्छ ।

**ख. बचतको आधारमा ऋण लगानी :**

बचतको आधारमा गरिने ऋण लगानी अन्तर्गत सदस्यको नाममा संस्थामा बचत भएको रकममा रू. ५,०००।- (रू. पाँच हजार) वा बचत रकम रू. १०,०००।- (रू. दश हजार) भन्दा बढी हुने सदस्यलाई बचत रकमको आधा रकम थप गरी अधिकतम रु २००,०००।- (दुई लाख) सम्म लगानी गरिने, साथै संस्थाको शेयर सदस्य जमानी बसेको अवस्थामा जमानी बस्ने सदस्यको बचत रकम बराबर थप ऋण लगानी गरिने गरिएको देखिन्छ ।

**४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

सहकारी विभागबाट जारी मापदण्डहरूको अधिकतम मात्रामा पालना गर्ने प्रयत्न गरिएको देखिन्छ ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरूः**

यस वर्ष कुनै पनि निकायबाट संस्था अनुगमन भएको पाइएन ।

**६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरणः**

संचालक समितिका पदाधिकारीहरूले निम्नानुसार वैठक भत्ता लिने गरिएको देखिन्छ ।

६.१. पारिश्रमिक : छैन ।

६.२. बैठक भत्ता : रू. ५००।०० (प्रति वैठक)

६.३. अन्य सुविधाहरू : छैन ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरूः**

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएकोः भएको ।

७.२. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याएको : ल्याएको ।

७.३. भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : पारदर्शी र प्रतिस्पर्धी भएको ।

७.४. कार्यरत कर्मचारीहरू र कार्यबोझ विच तादम्यता रहेको/नरहेको : रहेको ।

७.५. व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरणः

योग्यता : स्नातक तह

क्षमता : लेखा सम्बन्धी तथा कम्प्यूटर सम्बन्धी ज्ञान भएको ।

७.६. कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :

संख्या : ८ जना (पुरूष २, महिला ६)

भर्ना प्रक्रिया : छनौट समिति गठन गरी छनौट समितिको निर्णयअनुसार विज्ञापन प्रकाशित गरी लिखित र मौखिक परीक्षा प्रणालीबाट कर्मचारीहरूको भर्ना गरिएको देखिन्छ ।

७.६.१. करार : छैंन ।

७.६.२. अस्थायी : २ जना । (बजार प्रतिनिधि) ।

७.६.३. स्थायी : ६ जना ।

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

८.१ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघसँगको पँहुच बृद्धिमा संचालक समितिले पर्याप्त गृहकार्य गरेको नदेखिएता पनि त्यसतर्फ लाग्ने संकेत मिलेको देखिन्छ ।

८.२ राज्यका स्थानीय तहसंग साझेदारी गर्ने प्रयास भएको देखिएन, यद्यपि सहकारी सम्बन्धमा राज्यका विभिन्न तहको समेत नीतिगत स्पष्टता भई नसकेको अवस्था छ ।

८.३ महिला उपसमिति मार्फत महिला सम्बन्धी केही सामान्य कार्यक्रम भएको पाइयो । तर विशेष कार्यक्रम संचालन भएको पाइएन ।

८.४ समितिहरू र कर्मचारीहरूको दक्षता अभिबृद्धिकोलागि सामान्य प्रयास भएको देखिन्छ । तर पर्याप्तता देखिएन ।

**९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरूः**

९.१. संस्थाको विभिन्न कारोवारहरूको अभिलेख हस्तलिखित र सफ्टवेयर समेत गरी दुई प्रकारबाट राख्ने गरिएको देखियो । जसमध्ये हस्त लिखित अभिलेख राख्ने कर्मचारीहरूको कार्य सम्पादन क्षमता कमजोर देखियो । सफ्टवेयरको अभिलेखमा कहिले काहीं सामान्य त्रुटिहरू भएको पाइयो ।

९.२ संस्थाले कोष र तरलताको उचित ब्यवस्थापन गर्न नसकी ०७४ चैत्रदेखि २०७५ आषाढसम्म ऋण लगानी गर्न सकेको देखिंदैन ।

९.३. यस बर्ष संस्थाले केही नयाँ नीतिहरू निर्माण गरेको र ऋण नीतिमा समयानुकूल परिमार्जन गरिएको देखिन्छ ।

९.४ लेखा समितिले संचालक समितिलाई दुई पटक अन्तरिम प्रतिवेदन प्रस्तुत गरेको छ ।

९.५ आ.व. २०७४/०७५को वित्तीय विवरण निम्न बमोजिम देखिन्छ ।

| विवरण | २०७४/७५ | २०७४/७५ | २०७४/७५ | लक्ष्य प्राप्ति |
|---|---|---|---|---|
| | लक्ष्य | प्राप्ति | असार मसान्त सम्म | प्रतिशतमा |
| शेयर रकम | ३,१०,०००।०० | २३,९८,०००।०० | १,७०,८८,०००।०० | ७७३।५४ |
| संस्थागत पूँजी | ० | ० | ६,७२६,८९२।०९ | |
| निक्षेप हिसाब | ३७,२२५,४१५।४६ | १०,३०५,४३१।४१ | १२३,०८०,०१५।९५ | २७।६८ |
| ऋण लगानी | ३८,०९१,०८९।६० | १७,३३५,१२५।०० | १२९,२४४,०३५।४० | ४५।५० |
| आम्दानी | १९,८५०,०००।०० | १९,४६१,०१८।२७ | १९,४६१,०१८।२७ | ९८।०४ |
| खर्च | १५,२९८,४००।०० | १३,५२१,४१४।२८ | १३,५२१,४१४।२८ | ८८।३८ |
| बचत नाफा | ४५,५१,६००।०० | ५,९३९,६०३।९९ | ५,९३९,६०३।९९ | १३०।४९ |
| समग्र कारोवार (वासलात) | १७४,३४३,१७०।०० | १५५,२२९,२७०।८६ | १५५,२२९,२७०।८६ | ८९।०४ |
| राजस्वमा योगदान | | | १९,१६,७४५।०० | |

**१०. लेखा समितिको सुझावहरूः**

यस समितिले साधारण सभा मार्फत केही सुझावहरू प्रस्तुत गर्नु सान्दर्भिक देखी सुझावहरू प्रस्तुत गरिएको छ ।

१०.१. अघिल्लो बर्ष लेखा समितिले दिएका सुझावहरूमा संचालक समितिले पर्याप्त ध्यान दिनुपर्ने ।

१०.२ संस्था संचालनकालागि निर्माण गरिएका नीति नियमहरूको पालना गर्न सचेत रहनुपर्ने ।

१०.३ नियममा स्पष्ट नभएका केही सामान्य विषयहरूलाई नियमन गर्न अन्तरिम प्रतिवेदनमा प्रस्तुत भएका सुझावहरूको कार्यान्वयन हुनुपर्ने ।

**अन्त्यमा संस्थाको दोश्रो साधारण सभा सम्पन्न हुन गैरहेको यस सुखद र उत्साहप्रद घडीमा सहकारीका मर्म र भावनालाई हृदयङ्गम गरी अझबढी एकताबद्ध भै आर्थिक सामाजिक प्रगति हासिल गर्न अग्रसर हुन सबैमा अनुरोध गर्दछौं ।**

धन्यवाद ।

"जय अटल पाँचकुण्ड"

"जय सहकारी"

लेखा समिति

संयोजक :- दण्डपाणि अधिकारी

सदस्य :- चिरञ्जीवी भूर्तेल

सदस्य :- राजाराम पराजुली

# C0f pk ;ldlt sf]k|tj]bg



राजन प्र. भट्टराई
संयोजक

यस अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि. को दोस्रो वार्षिक साधारण सभाका सभापति, प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्थाहरुबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा समिति तथा उपसमितिका साथीहरू, कर्मचारी साथीहरु, पत्रकार मित्रहरु र सेयर सदस्य महानुभावहरू ।

बचत तथा ऋण सहकारी संस्थामा ऋण सम्बन्धी प्रतिवेदन अत्यन्तै महत्वपूर्ण र चासोको विषय नै हो । त्यसकारण यस उपसिमितिले सेयर सदस्य महानुभावहरूलाई व्यवसायको परियोजना हेरी आवश्यक पर्दा बिना झन्झट सरल तरिकाले ऋण उपलब्ध गराउँदै आएको छ । खास गरी ऋण बचतको आधारमा र धितोको आधारमा लगानी गर्दै आएको कुरा यहाँहरूमा जग जाहेरै छ । भाका नाघेका ऋणीहरूलाई सम्झाउने, बुझाउने र तिर्न प्रेरित गर्दै भेटघाट तथा ताकेता गर्दै आएका छौं । अबको दिनमा ऋण लगानी गर्दा विगतका ऋणीको वर्गीकरण तथा आगामी परियोजना तथा पारिवारिक आयस्रोत हेरी ऋण लगानी गर्ने प्रण पनि गर्दछौँ ।
साथै धितो मूल्याङ्कन कर्ताको प्रतिवेदनलाई महत्वपूर्ण आधार मानिने छ । यसमा सदस्यहरूको सहयोगको लागि अपेक्षा गर्दछौँ ।

**ऋण लगानीका क्षेत्र र रकम**

| क्र.स. | विवरण | जम्मा लगानी रकम | प्रतिशत |
|---|---|---|---|
| १ | घर जग्गा खरिद ऋण | १७,४०७,८५७।०० | १३।५ |
| २ | ब्यवसायिक ऋण | ६८,२१८,६९४।०० | ५२।८ |
| ३ | सामाजिक ऋण | ७,५५१,९४०।४० | ५।८ |
| ४ | हायर पर्चेज ऋण | ३,०२०,४२७।०० | २।३ |
| ५ | घर निर्माण ऋण | ४,८००,०००।०० | ३।७ |
| ६ | किस्ताबन्दी ऋण | २८,२४५,११७।०० | २१।९ |
| | जम्मा ऋण लगानी | १२९,२४४,०३५।४० | १००।० |

**ऋण लगानीको प्रक्रिया**

- बचतको आधारमा रू. २ लाखसम्म कार्यालय ब्यवस्थापकले लगानी गरी ऋण उपसमितिमा प्रस्तुत गर्ने ।

- रू. १० लाखसम्म धितोको आधारमा ऋण उपसमितिले आवश्यक कागजात हेरी लगानी गर्ने ।
- रू. १० लाख देखि रू. २५ लाख सम्म मूल्याङ्कनकर्ताको प्रतिवेदनको आधारमा ऋण उपसमिति, संस्थाका उपाध्यक्ष र कोषाध्यक्षको उपस्थितिमा आवश्यक कागजात हेरी लगानी गर्ने ।
- सबैखाले ऋणलाई सञ्चालक समितिको नियमित बैठकले अनुमोदन गराउने गरिएको ।

**ऋण लगानी बार्षिक कारोवार**

| गत लगानी बाँकी | यस बर्ष लगानी | यस बर्ष असुली | बाँकी लगानी |
|---|---|---|---|
| १११,९०८,९१०।४० | ८,४३,९४,६५०।०० | ६,७०,५९,५२५।०० | १२९,२४४,०३५।४० |

**ऋण लगानीको आधार, ऋणी संख्या र बाँकी रकम**

| विवरण | महिला | पुरूष | जम्मा | रकम |
|---|---|---|---|---|
| बचतको आधारमा ऋण लगानी | ९२ | १४७ | २३९ | १,१५,८०,२६५।०० |
| अचल सम्पति धितोको आधारमा | ३९ | ६५ | १०४ | ११,३६,६३,७७०।०० |
| जम्मा | १३१ | २१२ | ३४३ | १२,९२,४४,०३५।०० |


**भाखा नाघेको ऋण लगानीको बर्तमान अवस्था**

| विवरण | रकम | प्रतिशत |
|---|---|---|
| १ बर्ष भन्दा बढी भाखा नाघेको ऋण | ५५८,२५२।०० | ०.४३ |
| १ बर्ष भन्दा कम भाखा नाघेका ऋण | १,२११,१७५।०० | ०.९३ |
| जम्मा | १,७६९,४२७।०० | १.३६ |

**ऋण उपसमिति**

संयोजक : राजनप्रसाद भट्टराई
सदस्य : कृष्णसुन्दर थापा
सदस्य : धर्मेन्द्र रञ्जित
सदस्य : दीर्घराज दाहाल
सदस्य : सुरेन्द्र महत

# lzIff pk;ldltsf]k|tj]bg



जयराम् कुइँकेल
संयोजक

अटल पाँचकुण्ड बचत तथा ऋण सहकारी संस्था लि.को एकीकरणपछिको दोस्रो वार्षिक साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विभिन्न सङ्घसंस्थाहरूबाट प्रतिनिधित्व गरी पाल्नुभएका अतिथिज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा समिति तथा उपसमितिका साथीहरू, सम्पूर्ण सेयर सदस्यहरू, कर्मचारी साथीहरू, पत्रकार मित्रहरू र उपस्थित सम्पूर्णमा मेरो व्यक्तिगत एवम् संस्थाको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

**सभापति महोदय,**

हामी कुरा सकारात्मकताको गर्छौं । उन्नति प्रगति चाहन्छौं । स्पष्टवादी हुन चाहन्छौं । स्पष्टवादी हुँदाहुँदै नकारात्मकतातर्फ फस्दै गएको पत्तै पाउँदैनौं । यसर्थ हामीले अधिकांश समय अरूले गरेका काममा खोट लगाउन तल्लीन रहने गरेका छौं । यसकारण हाम्रा गुनासाहरू धेरै हुन्छन् तर सल्लाह, सुझाव र समाधानका उपायहरू कमैले मात्र दिन्छौं । हामी कहिले पनि यो सोच्दैनौ कि यदि म त्यो ठाउँमा भएको भए के गर्थे ?

भनिन्छ, भनेर होइन गरेर देखाउनेको भविष्य हुन्छ । त्यही भविष्यको खोजीमा भविष्य सुनिश्चित गर्ने उद्देश्यका साथ यस अटल पाँचकुण्ड साकोसले भविष्यका लागि एउटा आधारस्तम्भ खडा गर्नका लागि कहीँ न कहीँ, कतै न कतैबाट सदस्यहरू र संस्थागत हितका लागि काम गरिरहेको यहाँलाई विदितै छ । त्यसका लागि विभिन्न उपसमितिको गठन गरी कार्यक्रमहरू हुँदै आएका छन् । यस शिक्षा उपसमिति पनि त्यसको उपज हो ।

शिक्षा उपसमिति नाम नै सार्थक छ । यसको काम सहकारी शिक्षाका माध्यमबाट सेयर सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था उकास्नका लागि विभिन्न तालिम, गोष्ठी, अन्तर्क्रिया गरी बचत र ऋणका बारेमा सेयर सदस्यहरूलाई अभिमुखीकरण गरी सचेतना जगाउनु हो । समग्रमा भन्नुपर्दा वित्तीय अवस्था उकास्नका लागि सेयर सदस्यहरूमा आत्मविश्वास र आत्मानुभूति जगाउनका लागि वित्तीय शिक्षाको बारेका जानकार गराउनु हो । त्यही सोच र उद्देश्यका साथ यस संस्थाको शिक्षा उपसमितिले समयसापेक्ष रूपमा सदस्य तथा संस्थागत हितका लागि विभिन्न कार्यक्रम गर्दै आइरहेको कुरा यहाँहरूलाई अवगत गराउन चाहन्छु । साथै यहाँहरूको गुनासोभन्दा पनि उचित सुझाव, सल्लाह र मार्गनिर्देशनलाई पालना गर्दै अगाडि बढिरहने कुरामा

यहाँहरूलाई विश्वस्त गराउन चाहन्छु । शिक्षा उपसमितिले एक वर्षभित्र गरेको कार्यक्रमहरूको विवरण निम्नानुसार प्रस्तुत गरेको छ :

१. **अभिमुखीकरण कार्यक्रम**

मिति २०७४ साल भदौ २४ गते शनिबार, धुलिखेल तालिम केन्द्र, ११ बजेदेखि २ बजेसम्म सञ्चालक समिति, लेखा समिति र उपसमितिहरूको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । जम्मा सदस्य ३९ जनामध्येबाट २० जनाको उपस्थितिमा यो कार्यक्रम सम्पन्न भएको थियो । पहिलो कार्यकाल भएकाले सबैले एकआपसमा घुलमिल गरी आफ्नो जिम्मेवारीका बारेमा जानकारी गराउँदा कार्यक्रम उपलब्धिमूलक भनी निष्कर्ष निकाल्न सकिन्छ ।

२. **क्षमता अभिवृद्धि कार्यक्रम**

मान्छे आफैँमा सक्षम हुन्छ । कसैले त्यसलाई बाहिर ल्याउँछ कसैले त्यसलाई आफैँभित्र गुम्स्याएर राख्छ । आफूभित्र रहेको क्षमता उजागर गर्नका लागि सहकारीले सल्लाहकार, सञ्चालक समिति, उपसमिति र कर्मचारीहरूको उपस्थितिमा आफ्नो आफ्नो क्षमताको प्रस्तुति गर्ने उद्देश्यका साथ क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरेको हो ।

३. **वार्षिक कार्यक्रम र वृद्ध सम्मान**

हरेक संस्थाको दर्ता मितिलाई आधार मानेर वार्षिक उत्सव मनाउने चलन रहिआएको छ । त्यही चलनअनुसार यस संस्थाको स्थापना दिवस चैत्र १५ गतेलाई मान्यता दिइआइएको छ । यस वर्षको कार्यक्रम कार्यालयकै प्राङ्गणमा २०७४ चैत्र १५ गते केक काटेर मनाइयो । प्रमुख अतिथिका रूपमा जिल्ला सहकारी सङ्घका अध्यक्ष विनोद पराजुलीलाई आमन्त्रित गरिएको थियो । सोही अवसर पारेर वृद्धवृद्धाहरूलाई सम्मान पनि गरियो । यसअन्तर्गत ७० वर्ष उमेर पुगेका वा सोभन्दा माथिका २७ जना वृद्धवृद्धाहरूलाई सम्मान गरी आदरको सगुनका रूपमा मोबाइल वितरण गरिएको थियो ।

४. **बाल कार्यक्रमअन्तर्गत वनभोज कार्यक्रम**

बाल सदस्यहरु भनेको भविष्यका सहकारीका असल सेयर सदस्यहरु हुन् । यसले जगदेखि नै सहकारीमा आफ्नो उपस्थिति जनाइरहेका छन् । उनीहरूले संस्थाप्रति गरेको योगदानस्वरूप विभिन्न कार्यक्रम हुने गर्दछ । त्यही कुरालाई मध्यनजर गर्दै जेठ २६ गते शनिबार, गोदावरीमा बालबालिकाहरूलाई वनभोजमा लगियो । यसमा ५३ जना बाल सदस्य, ६ जना कर्मचारी, १ जना सञ्चालक सदस्य र २ जना उपसमितिका सदस्य गरी जम्मा ६२ जनाको उपस्थिति रहेको थियो । सो अवसरमा बालबालिकाहरूलाई वनभोजका साथसाथै बोटानिकल गार्डेन पनि घुमाइएको थियो ।

५. **सेयर सदस्य वनभोज कार्यक्रम**

सेयर सदस्यहरूले संस्थागत हितका लागि गरेको योगदानको कदरस्वरूप एकै ठाउँमा भेला गराउने उद्देश्यका साथ वनभोज कार्यक्रम गरियो । २०७४ माघ १६ गते भक्तपुरस्थित

नीलवाराही मन्दिरमा सेयर सदस्य, सञ्चालक समिति, उपसमिति र कर्मचारी वनभोज कार्यक्रम सम्पन्न भएको थियो । यस कार्यक्रममा १६५ जनाको उपस्थिति रहेको थियो । नाचगान गर्दै रमाउँदै मिठो खाना खाएर कार्यक्रम सम्पन्न गरिएको थियो ।

६. **कापी कलम वितरण**

हरेक वर्ष संस्थाका बाल बचतकर्ताहरूलाई कापी कलम वितरण गर्ने कार्यक्रमअन्तर्गत यस वर्ष पनि यस कामलाई निरन्तरता दिइयो । भविष्यमा पनि यसलाई निरन्तरता दिइने छ ।

७. **स्वास्थ्य शिविर**

सबै सेयर सदस्यहरूलाई सेवा दिन सकिने भनेको यस्तै स्वास्थ्य शिविर हो । सोही उद्देश्यका साथ २०७४ चैत्र ३ गते यस संस्था र धुलिखेल अस्पतालको सहकार्यमा दाँत, रक्तचाप (प्रेसर) र मधुमेह (सुगर) को बृहत् स्वास्थ्य शिविर सम्पन्न भएको थियो । सो शिविरमा २१३ जना सेयर सदस्यले स्वास्थ्य जाँच गराउनुभयो । सो कार्यक्रम गर्न सहयोग गर्नुहुने धुलिखेल अस्पतालप्रति आभार व्यक्त गर्न चाहन्छु ।

८. **सहकारी अवलोकन भ्रमण**

सिकाइ मानव विकासको एउटा पक्ष हो । यो गर्भावस्थादेखि मृत्युपर्यन्त जारी रहन्छ । यस सोच र उद्देश्यका साथ सल्लाहकार, सञ्चालक समिति, उपसमित र कर्मचारीहरु सामूहिक रूपमा मिति २०७५ असार १ र २ गते चितवन स्थित नेपालको पहिलो सहकारी संस्था बखान बहुउद्देश्यीय सहकारी संस्था भ्रमण गरियो । सो अवसरमा ३४ जनाको उपस्थिति थियो । कार्यक्रममा अक्षरधाम, नवलपरासीको पनि अवलोकन गरियो ।

अन्त्यमा, शिक्षा उपसमितिबाट यो वर्ष भएका जति पनि कार्यक्रम भए मूलतः ती कार्यक्रमहरु संस्थामा आबद्ध पदीय जिम्मेवारी लिएर बस्नुभएका व्यक्तिहरूको क्षमता विकासमा बढी जिम्मेवार रहेको छ । यसले संस्थागत विकास र सदस्य हितमा ठुलो टेवा पु्र्याउने विश्वास लिएका छौँ । भविष्यमा पनि यहाँहरूको अमूल्य सल्लाह र सुझावको सदैव अपेक्षा राखी संस्थाको वित्तीय अवस्था सुधार्नका लागि सदैव दत्तचित्त रहने कुरामा यहाँलाई आश्वस्त गराउन चाहन्छौँ । आऔँ सकारात्कताको विकास गरौँ । सबैको भलो गरौँ, सबैलाई सुखी बनाउने प्रयत्नमा हातेमालो गरौँ । जय सहकारी ।

**शिक्षा उपसमिति**
संयोजक : जयराम कुइँकेल
सदस्य : भरतबहादुर के.सी
सदस्य : सम्पूर्ण थापा

# dlxnf pk;ldlt sf]k|ltj]bg



इन्दिरा कुइँकेल
संयोजक

सभापति महोदय, प्रमुख अतिथिज्यू, विभिन्न संघ संस्थाहरूबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथिज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समिति, लेखा समिति तथा उपसमितिका साथीहरू, सम्पूर्ण शेयर सदस्यहरू, कर्मचारी साथीहरू, पत्रकार मित्रहरू र उपस्थित सम्पूर्णमा मेरो व्यक्तिगत एवम् संस्थाको तर्फबाट यस गरिमामय सभामा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

महिला उपसमिति आफैंमा एउटा पूर्ण उपसमिति हो । संस्थामा आवद्ध सेयर सदस्यहरूमध्ये पनि महिला सेयर सदस्यहरूको हकहित र महिलालाई सहकारी र सहकारीले गर्ने कार्यहरूको बारेमा जानकार गराई वित्तीय अवस्थामा सुधार ल्याउन सहयोग गर्ने उपसमिति हो यो । विभिन्न किसिमका सिपमूलक तालिम, स्वास्थ्य शिक्षा, सहकारी शिक्षा आदिको माध्यमबाट सहकारी के हो ? यसले के गर्छ ? सहकारीबाट के के फाइदा लिन सकिन्छ जस्ता कुराको ज्ञान गराउनु यो उपसमितिको जिम्मेवारी हो । यस संस्थामा कुल सदस्य २०२१ मध्ये महिला सदस्यहरूको संख्या ७३५ रहेको छ । तर यति ठूलो संख्या भए पनि त्यसअनुसार हामीले कार्यक्रमहरू गर्न सकेका छैनौं । महिलाहरूकालागि के केस्ता कार्यक्रमहरू गर्नुपर्ने हो त्यस बारेमा सबै सदस्यहरूसंग र खासगरी महिला दिदी बहिनीहरूसंग सुझावको अपेक्षा पनि गरेका छौं । एक वर्षभित्र यस उपसमितिले गरेका कामहरू निम्न लिखित छन् ।

**१. दिदी बहिनी भेटघाट**

संस्थाको बार्षिक कार्ययोजना अनुसार संस्थामा आबद्ध महिला सदस्यहरूलाई समेटेर मिति २०७४ साल भाद्र ३ गते "**दिदी बहिनी भेटघाट कार्यक्रम**" बनेपा स्थित के. ऐन. व्यनक्वेटमा सम्पन्न गरिएको थियो । जस्मा १६० जना दिदी बहिनीहरूको भेला रहेको थियो । दिदी बहिनीहरूको उत्साहमा संस्था अझै कटिबद्ध हुँदै आगामी दिनमा यो भन्दा अझै भब्य कार्यक्रम गर्दै जाने संस्थाको योजना रहेको छ ।

**२. स्वास्थ्य शिक्षा शिविर**

संस्थाको बार्षिक कार्ययोजना अनुसार "**स्वास्थ्य नै जीवनको मूल धन हो**" भन्ने आत्मसात् गर्दै मिति २०७४ पौष २२ गते शनिवार महिला दिदी बहिनीहरूमा देखा पर्न सक्ने रोगहरू र त्यसबाट बच्ने उपाय र उपचारको बारेमा एक दिने महिला स्वास्थ्य शिक्षा शिविर आयोजना सम्पन्न गरिएको

थियो । जस्मा ६५ जना महिलाहरूको सहभागिता रहेको थियो । यस्ता कार्यक्रमलाई आगामी दिनमा अझै प्रभावकारिताका साथ गर्दै जाने भावी योजना रहेको छ ।

**३. सुत्केरी भेटघाट**

संस्थामा आबद्ध महिला शेयर सदस्यहरू सुत्केरी हुँदा भेटघाट गरिने कार्यक्रमअनुसार यस आ.व.मा १५ जना महिला शेयर सदस्यहरूसंग भेटघाट गरिएको थियो । संस्थाको बार्षिक कार्यक्रम अनुसार रू. १,०००।०० (एक हजार) बराबरको खर्च उपलब्ध गराउने र नवजात शिशुलाई संस्थाको बाल सदस्य सदस्य बनाउने काम गरिएको छ ।

अन्तमा,

गत बर्ष भएका कार्यक्रमहरूलाई निरन्तरता दिंदै यस बर्षकोलागि सिपमूलक तालिम कार्यक्रमको लक्ष्य राखिएको छ । अन्य कुनै तालिमको लागि समूह बनाई संस्थामा माग आएमा यस तर्फ संस्था सदैव सकारात्मक रहने छ ।

धन्यवाद ।

जय सहकारी, जय अटल पाँचकुण्ड ।

**महिला उप-समिति**

संयोजक : इन्दिरा कुइँकेल

सदस्य : मनकुमारी दाहाल  सदस्य : चोलाकुमारी कुइँकेल

सदस्य : नानु कुइँकेल  सदस्य : सावित्री तिमल्सिना

## संस्थामा हाल कायम रहेको ब्याजदर

<table>
<tr><th colspan="3">lglfk tkm{</th><th colspan="3">C0f nufgL tkm{</th></tr>
<tr><th>qm=;+</th><th>artsf]k|sf/</th><th>Aofh b/ Ü</th><th>qm=;+</th><th>C0fsf]k|sf/</th><th>Aofh b/ Ü</th></tr>
<tr><td>१</td><td>lgoldt art</td><td>९</td><td>१</td><td>s[if C0f</td><td>१४</td></tr>
<tr><td>२</td><td>afn art</td><td>९</td><td>२</td><td>xfo/ kr{h C0f</td><td>१४</td></tr>
<tr><td>३</td><td>Pl|R5s art</td><td>८</td><td>३</td><td>;dXut C0f</td><td>१४</td></tr>
<tr><td>४</td><td>ljz]f art</td><td>१०</td><td>४</td><td>z}lfs C0f</td><td>१४</td></tr>
<tr><td>५</td><td>ladf art</td><td>९</td><td>५</td><td>j}b]zs C0f</td><td>१४</td></tr>
<tr><td>६</td><td>z]o/ art</td><td>९</td><td>६</td><td>3/fo;L pks/0f vl/b</td><td>१४</td></tr>
<tr><td>७</td><td>cleefjs art</td><td>९.५</td><td>७</td><td>v/vfFf]C0f</td><td>१४</td></tr>
<tr><td>८</td><td>uxgf art</td><td>८</td><td>८</td><td>Jofj;flos C0f</td><td>१४</td></tr>
<tr><td>९</td><td>lzIff art</td><td>८</td><td>९</td><td>;fdflhs C0f</td><td>१४</td></tr>
<tr><td>१०</td><td>;+yfut art</td><td>८</td><td>१०</td><td>3/ lgdf{0f tyf dd{t</td><td>१४</td></tr>
<tr><td>११</td><td>b}gs art</td><td>८</td><td>११</td><td>3/ hUuf vl/b C0f</td><td>१४</td></tr>
<tr><td>१२</td><td>qmlds art</td><td>११</td><td>१२</td><td>ljz]f C0f</td><td>१६</td></tr>
<tr><td rowspan="4">१३</td><td colspan="2">cfjlws art</td><td rowspan="4" colspan="3"></td></tr>
<tr><td>! aif{</td><td>११</td></tr>
<tr><td>@ aif{</td><td>१२</td></tr>
<tr><td># aif{</td><td>१३</td></tr>
</table>

# ऋण माग गर्दा पेश गर्नुपर्ने कागजातहरू :

१. परियोजनाको विस्तृत विवरण (ऋण मागफाराम बमोजिम) ।
२. जग्गाधनी प्रमाणपूर्जाको सक्कल र सोको प्रतिलिपि १/१ प्रति ।
३. जग्गा धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।
४. फाईल नक्शा अथवा मूल नक्सा १/१ प्रति ।
५. तिरो तिरेको रसिद तथा कर चुक्ता गरेको प्रमाण १ प्रति ।
६. सम्बन्धित जग्गाको चार किल्ला प्रमाणित सक्कल १ प्रति ।
७. सक्कल ट्रेस नक्सा १ प्रति ।
८. मासिक आयश्रोत खुल्ने स्पष्ट कागजात ।
९. पासपोर्ट साईजको फोटो १ प्रति ।
१०. लेखापरीक्षण प्रतिवेदन (फर्म अथवा संस्थाको हकमा मात्र) १ प्रति ।
११. नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि(फर्म अथवा संस्थाको हकमा मात्र)१प्रति
१२. घर बनाउन नगर पालिका/गा.वि.स.ले दिएको अनुमति पत्र (इजाजत पत्र)को प्रतिलिपि १ प्रति ।
१३. घर धितो राखेको अवस्थामा घरको नक्सा पास प्रमाणपत्र र घरको नक्साको प्रतिलिपि १ प्रति ।
१४. हायर पर्चेजको ऋणकोलागि :
    क. नयाँ सवारी साधनको हकमा सवारी साधनको इन्भ्वाइस (कोटेशन) र बुकिङ्ग गर्दा रकम तिरेको रसिद
    ख. पुरानो सवारी साधनको हकमा खरिद बिक्री गर्न चाहेको मूल्य उल्लेख भएको सम्झौता पत्र
    ग. बीमा गरेको कागजात
    ङ. कर तिरेको रसिद
    च. रूट पर्मिट (समिति अर्न्तगत संचालन भएका तथा हुने सवारी साधनकोलागि)
    छ. बिल बुक
    ज. सवारी साधनको फोटो
१५ वैदेशिक रोजगार ऋणकोलागि राहदानी (पासपोर्ट) को प्रतिलिपि १, श्रम सम्झौताको प्रतिलिपि १, भिसाको प्रतिलिपि १, म्यानपावर कम्पनिको दर्ता प्रमाण पत्रको प्रतिलिप १ बुझाउनु पर्नेछ । अन्य थप कागजातहरू, संचालक समिति वा ऋण लगानी उपसमितिले माग गरे अनुसार उपलब्ध्र गराउनु पर्नेछ ।
१६. शैक्षिक ऋण लिनकोलागि शिक्षा हासिल गर्न चाहने ब्यक्तिले हाल सम्म हासिल गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र, आगामी दिनमा पढ्न चाहेको स्तर अथवा तह खुल्ने कागजात, सम्बन्धित कलेजको भर्ना सम्बन्धित बिवरण, कोर्ष पूरा गर्न लाग्ने रकम आदि खुल्ने

नोटः

नोटः